जनकपुर
टुडेको सम्पर्क नं.
९८०१६२६०२६,
९८०१६२६०२५
०४१५९०१०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २३ • अंक १३ • २०७७ साल जेठ १९ गते सोमबार (1 June, Monday, 2020) • पृष्ठ ८ • मूल्य रु. ५।-

# कोरोना भाइरसबाट ८ को मृत्यु

## १६६ जनामा पुष्टि, संक्रमितको संख्या १५६७ पुग्यो

**टुडे समाचारदाता**

काठमाण्डु ।कोरोना भाइरस संक्रमितहरुको संख्या नेपालमा १ हजार ५ सय ६७ पुगेकोछ ।स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आइतवार जनाए अनुसार एकै दिन १ सय ६६ जनामा कोरोना भाइरस (कोभिड-१९) संक्रमण पुष्टि भएको छ । मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाका अनुसार कोरोना भाइरस संक्रमणबाट ८ जनाको मृत्यु भएकोछ ।मृत्यु हुनेमा एकजना २ वर्षिया बालिकाछिन् ।उनको आमापनि कोरोना भाइरस संक्रमित रहेको पुष्टि भएकोछ ।

कोरोना भाइरसबाट संक्रमित हुनेमा धनुषाका २१ जना, कपिलवस्तुका ५ जना, रौतहटका २९ जना, सर्लाहीका १० जना, तनहुँका १ जना, स्याङ्जाका २ जना, पर्साका ५ जना, कालिकोटका १८ जना, देलेखका १८ जना, बाजुराका १ जना, सल्यानका २५ जना, सुर्खेतका १ जना , बाँकेका ४ जना, नेपालगञ्जका ४ जना, सप्तरीका १२ जना, कैलालीका ३ जना, बाजुराका २ जना, झापाका ४ जना रहेको मन्त्रालयले जनाएको हो ।

आइतबार बाजुरा, तनहुँ, कालिकोट र सल्यानगरि चार जिल्लामा कोरोना संक्रमण थपिएसँगै अब कोरोना भाइरसको संक्रमण नेपालको ५७ जिल्लामा फैलिएकोछ ।

कोरोना भाइरस संक्रमितको संख्या शनिवार हाल सम्मके उच्च १ सय ८९ रहेको थियो ।मृतकको संख्या ७ रहेको मन्त्रालयले पुष्टि गरेको थियो ।

मन्त्रालयका अनुसार सबैभन्दा धेरै संक्रमित प्रदेश २मा रहेका छन् । प्रदेश( २ पछि प्रदेश( ५ र प्रदेश(१ मा रहेका छन्। विगतमा कम संक्रमित रहेको कर्णाली प्रदेशमा पनि कोरोना संक्रमित देखिइरहेका छन्।

मन्त्रालयका अनुसार हाल सम्म क्वारेन्टाइनमा १ लाख १९ हजार १ सय ९२ जना छन्। आइसोलेसनमा १ हजार ३ सय ४९ जना उपचाररत रहेको प्रवक्ता डा.देवकोटाले जनाए । आइतबार एक जनाको डिस्चार्ज भएसँगै कोरोना बिरुद्धको लडाई जितेर २ सय २० जना घर फर्केका छन् । जसमध्ये १ सय ७२ पुरुष र ४८ जना महिला छन् । आइतबार चितवनको भरतपुर अस्पतालबाट मकवानपुर हेटौंडाकी २५ वर्षीया महिलालाई डिस्चार्ज गरिएको हो ।

| प्रदेश | जिल्ला | संक्रमित |
|---|---|---|
| १ | ९ | १६५ |
| २ | ८ | ६२४ |
| बागमती | १२ | ४५ |
| गण्डकी | ६ | २३ |
| ५ | ९ | ५६० |
| कर्णाली | ५ | १२३ |
| सुदूरपश्चिम | ८ | २७ |

नेपालमा कोरोना भाइरस (कोभिड-१९) बाट मृत्यु हुनेको संख्या ८ पुगेको हो । डा. देवकोटाका अनुसार शनिबार र आइतबार मृत्यु भएका दुई जनाको पीसीआर रिपोर्ट पोजिटिभ आएसँगै मृतकको संख्या ८ पुगेको हो। यसअघि नेपालमा कोरोनाकै कारण ६ जनाको मृत्यु भएको थियो ।

दैलेखको दुल्लु नगरपालिका-७ को क्वारेन्टाइनमा रहेका दुल्लु-११ का ३५ वर्षीय पुरुष र बाजुराकी दुई वर्षीया बालिकाको पीसीआर रिपोर्ट पोजिटिभ आएसँगै कोरोनाबाट मृत्यु हुनेको संख्या ८ पुगेको देवकोटाले पुष्टि गरे । कोरोना संक्रमणले सिन्धुपाल्चोकमा १, बाँकेमा १, गुल्मीमा १, बाराका १, ललितपुरका १ र अर्घाखाँचीका १, दैलेखका १, बाजुराका १ गरी ८ जनाको मृत्यु भएको छ ।

दैलेखका पुरुषको शनिबार मृत्यु भएको थियो भने बाजुराकी बालिकाको आइतबार बिहान बाजुरा अस्पतालको आइसोलेसनमा मृत्यु भएको थियो ।मृतक बालिकाकी आमापनि कोरोना भाइरस पोजिटिव देखिएकोछ ।

मन्त्रालयका अनुसार हालसम्म पीसीआर विधिबाट ६९ हजार ५ सय ८२ स्वाब टेस्ट भएकोछ ।त्यसैगरि आरडीटी विधिबाट १ लाख ११ हजार १ सय ९ जनाको टेस्ट गरिएको प्रवक्ता डा.देवकोटाले जनाए ।

पछिल्लो २४ घण्टामा पीसीआर विधिबाट २ हजार ८ सय ५३ र आरडीटी विधिबाट ४ हजार ५४ जनाको नमुना परीक्षण भएको छ ।

भारत लगायत संसारका कतिपय देशले आरडीटीटेस्टमा रोक लगाइदिएकोछ।आरडीटी टेस्ट भरपर्दो नभएको जनाउँदै नेपालकै केहि जिल्लामा त्यसलाई प्राथमिकतामा राखिएको छैन् ।उदयपुर जिल्लाको त्रियुगा नगरपालिकाको भुल्केमा आरडीटी टेस्ट निगेटिव आएकाहरुको पीसीआर टेस्ट पोजिटिव आएको थियो ।

# प्रदेश २ मा स्वाब टेस्ट बन्द

**टुडे समाचारदाता**

वीरगञ्ज ।प्रदेश २ मा आरटी पीसीआर मेसिनबाट स्वाब परीक्षण पूर्ण रुपमा बन्द भएकोछ ।संघीय सरकार अन्तरगतको नारायणी अस्पतालमा सञ्चालित कोरोना भाइरसको टेस्ट बन्द भएसँगै हाल प्रदेश २ मा परिक्षण रोकिएकोछ ।

परीक्षणका लागि आवश्यक किट लगायतका सामग्रीहरुको अभाव भएको जनाउँदै शनिवार साँझ देखी परीक्षण बन्द भएको बताइएकोछ ।

प्रदेश २ को प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा आरटी पीसीआर मेसिन जडान भएपनि हाल 'ट्रायल टेस्ट' मात्र भइरहेकोछ । सप्तरी जिल्लाको गजेन्द्रनारायण सिंह अस्पतालमा कोरोना भाइरस जाँचका लागि आरटी पीसीआर मेसिन जडानकै क्रममा रहेकोछ ।

देशमा अहिले कोरोना भाइरस संक्रमितको संख्या सर्वाधिक प्रदेश २ मा नै रहेकोछ ।संक्रमितहरुको संख्या उल्लेख्य रुपमा बढेपनि पीसीआर टेस्टको अवस्था कमजोरछ ।पीसीआर टेस्ट नहुँदा संक्रमितहरुको पहिचान हुन सकिरहेको छैन् ।

> **प्रदेश २ को समाजिक विकास मन्त्रालयका सचिव रामप्रसाद घिमिरेले प्रादेशिक जनस्वाथ्य प्रयोगशालाको पीसीआर मेसिन २ दिन भित्रै पूर्ण रुपमा सञ्चालनमा आउने बताए ।'मेसिनले पूर्ण क्षमतामा काम गर्न थालेपछि प्रदेश भित्रै समयमा नै रिर्पोटिंग हुनेछ' उनले भने, अर्को हप्ता राजविराजस्थित पीसीआर मेसिनपनि सञ्चालनमा आउनेछ ।**

नारायणी अस्पतालमा पीसीआर मेसिन संघीय सरकारले उपलब्ध गराएपनि सञ्चालनका लागि प्रदेश सरकारले पहिलो पटक ५० लाख र दोस्रो पटक ५० लाख रुपैया नारायणी अस्पताललाई उपलब्ध गराइसकेकोछ ।प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले स्वयं ९ सय भीटीएम किट अस्पतालमै पुर्‍याएका थिए ।

सप्तरी जिल्लामा संकलित स्वाब टेस्टका लागि लिन धरान, बिराटनगर, वीरगञ्ज र काठमाण्डुको टेकुले अस्वीकार गरिसकेका छन् ।त्यहाँ स्वाब संकलन नै बन्द गरिएकोछ ।

प्रदेश २ को समाजिक विकास मन्त्रालयका सचिव रामप्रसाद घिमिरेले प्रादेशिक जनस्वाथ्य प्रयोगशालाको पीसीआर मेसिन २ दिन भित्रै पूर्ण रुपमा सञ्चालनमा आउने बताए ।'मेसिनले पूर्ण क्षमतामा काम गर्न थालेपछि प्रदेश भित्रै समयमा नै रिर्पोटिंग हुनेछ' उनले भने, अर्को हप्ता राजविराजस्थित पीसीआर मेसिनपनि सञ्चालनमा आउनेछ ।




२०औं विश्व दुध दिवस (जुन १)
(20th Anniversary World Milk Day)

"रोग प्रतिरोधात्मक शक्ति तथा रोगसँग लड्ने क्षमता बढाउन दुधको उपभोग गरौं"
"नियमित दुध पिऔं, तन्दुरुस्त रहौं"

विश्व दुध दिवसको उपलक्ष्यमा सम्पूर्ण दुध उपभोक्ता / दुध उत्पादक / कृषकउधमी तथा दुग्ध व्यवसायीहरुमा हार्दिक मंगलमय शुभकामना।




प्रदेश सरकार
प्रदेश नं. २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
जनकपुरधाम, धनुषा



'जनमन सँ जनजन धरि'

रेडियो टुडे

९१ मेगाहर्ज

रेडियो टुडे ९१ मेगाहर्ज
समाचार आ मनोरञ्जन लक
निरन्तर १८ घण्टा
अहाँक संग




सुझाव आ प्रतिकृयाकलेल
०४१-५९०१०१

भिन्सर ५ बजे सँ राति ११ बजे धरि

# नयाँ पुस्ता धूमपान र निकोटिनविहीन बनाउन जोड

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्या मन्त्री भानुभक्त ढकालले आउँदो पुस्तालाई धूमपान र निकोटिनविहीन बनाउनुपर्नेमा जोड दिनुभएको छ। विश्व धूमपानरहित दिवसका अवसरमा आइतबार शुभकामना सन्देश जारी गर्दै उहाँले धूमपान र निकोटिनविहीन गर्न आजके दिनदेखि सबैआआफ्ना क्षेत्रबाट क्रियाशील हुनुपर्नेमा जोड दिनुभयो।



सन्देशमा उहाँले स्वस्थ र दीर्घायु बन्नका लागि सुर्तीजन्य पदार्थको सेवन र प्रयोग गर्न निरुत्साहित गर्ने, सेवनकर्तालाई त्याग गर्न अभिप्रेरित गर्ने र नवप्रवेशीलाई सेवन वा प्रयोग गर्ने अवसर नै नदिनु अथवा प्रयोग नगर्न भित्री मनदेखि अभिप्रेरित गर्नु हामी सबैको दायित्व भएको उल्लेख गर्नुभएको छ।

विद्यमान ऐन, नियम र निर्देशिकाको पूर्ण पालना गरेमा सुर्तीजन्य उद्योगको चलाखीपूर्ण रणनीतिको चक्रमा कोही पर्न पाउँदैनन् र जो कोही पनि रोगी भई अकालमा मृत्युवरण गर्नु नपर्ने र कोही पनि सँगै बस्नेले खाएको चुरोटको धुवाँबाट हुने असर खप्नु नपर्ने उहाँले बताउनुभयो। सुर्तीजन्य उद्योगले गर्ने छलकपटपूर्ण प्रवर्द्धन र प्रलोभनकारी आकर्षक विज्ञापनबारे युवा समयमै सचेत भएमा धूमपान तथा निकोटिनबाट हुने असरबाट बच्न सकिने सन्देशमा उल्लेख गरिएको छ।

आइतबार विश्वभर सुर्तीजन्य उद्योगले गर्ने छलकपटपूर्ण प्रवर्द्धनबाट युवालाई बचाऔँ र उनीहरूलाई धूमपान तथा निकोटिनबाट हुने असरको रोकथाम गरौँ भन्ने नाराका साथ दिवस मनाइँदैछ।

विश्व स्वास्थ्य सङ्गठनले प्रकाशन गरेको प्रतिवेदनअनुसार सुर्तीजन्य पदार्थको सेवन गर्नेहरूमा कोभिड-१९ को सङ्क्रमण गम्भीर देखिएको छ।

सुर्तीजन्य पदार्थ सेवन गर्नेहरूको फोक्सोमा पहिले नै क्षति भइसकेको हुने हुँदा कोभिड-१९ ले फोक्सोलाई अझै बढी असर पुर्‍याउँछ। धूमपानका कारण विश्वभर वार्षिक ८० लाख मानिसको मृत्यु हुने गरेको छ। त्यसमध्ये ७० लाख प्रत्यक्ष सुर्तीजन्य पदार्थको सेवन र १२ लाख मानिससँगै बस्नेले खाएको चुरोटको धुवाँको असरका कारणले मृत्यु हुने गर्छ।

नेपालमा हरेक वर्ष करिब २७ हजार मानिसको मृत्यु धूमपान तथा सुर्तीजन्य पदार्थको सेवनका कारण हुने गरेको छ। हरेक तीन नेपालीमध्ये एकजना धूमपान तथा सुर्तीजन्य पदार्थको अम्मली भएको देखिन्छ। सुर्तीजन्य पदार्थ मानव स्वास्थ्यका लागि अति घातक देखिन्छ भने दीर्घ जीर्ण रोग अर्बुद, मुटु रोग, दम, खोकी, मधुमेहजस्ता रोग लाग्नुको प्रमुख कारण पनि सुर्तीजन्य पदार्थ हो।

धूमपान तथा सुर्तीजन्य पदार्थ त्याग गरेको २० मिनेटभित्र मुटुको धड्कनमा सुधार आई उच्च रक्तचाप नियन्त्रणमा आउँछ। १२ घण्टापछि रगतमा कार्बोनमोनोअक्साइडको मात्रा कम भई रक्तचाप सामान्य अवस्थामा फर्किन्छ। दुईदेखि १२ हप्तामा फोक्सोमा सुधार आई राम्रो काम गर्न थाल्छ। एकदेखि नौ महिनापछि खोक्ने र छिटो छिटो श्वास फेर्नेमा सुधार आउँछ।

मन्त्री ढकालको सन्देशमा सुर्तीजन्य पदार्थ सेवन नियन्त्रण र नियमन गर्न विश्वव्यापीरुपमा ऐन, कानून र निर्देशिका जारी गरी आमजनतामा सुर्तीजन्य पदार्थ कहिल्यै नगर्न र गर्नेलाई यसको लतबाट छुटाउन विश्वव्यापी अभियान र कार्यक्रम भइरहेको उल्लेख गर्दै सुर्तीजन्य उद्योगले नवसेवनकर्ताहरूको सङ्ख्या वृद्धि गरी आफ्नो व्यवसाय दिगो बनाउन चलाखीपूर्ण बजारका रणनीति अवलम्बन गरेको पाइएको बताउनुभयो।

सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमनका कार्यक्रमले सेवनकर्ताको सङ्ख्यामा उल्लेख्य कटौती हुँदै गएको अवस्थामा सुर्ती उद्योगले सधैँ नयाँ ग्राहक वा सेवनकर्ता पहिचान गर्ने, उनीहरूलाई आकर्षित गर्नेगरी विज्ञापन गर्ने गर्छ। यी प्रवर्द्धनका लागि मात्र रु ८० अर्ब डलरभन्दा बढी खर्च गर्ने गरेको देखिन्छ। ती विज्ञापन धेरैजसो नवयुवामा लक्षित भएको देखिन्छ।रासस

## सशस्त्र प्रहरी र भारतीय नागरिक बिच झडप

टुडे समाचारदाता

मलगंवा। सर्लाहीमा आइतबार बिहान नेपाल प्रवेश गरि सामान भित्राउँदै गरेका भारतीय नागरिकहरुलाई सशस्त्र प्रहरीले रोक्न खोजेपछि दुई पक्ष बिच झडप भएको छ। झडपको क्रममा सशस्त्र प्रहरीले एक राउन्ड हवाइ फायर समेत गरेको छ।

नेपाल-भारत सीमामा पर्ने सर्लाहीको विष्णुगाउँपालिका वडा न २ पकडीस्थित दशगजामा भारतीय नागरिकहरु जबर्जस्ती सामान नेपाल तर्फ भित्र्याउन खोजेपछि रोक्ने क्रममा झडप सुरु भएको सशस्त्र प्रहरीले जनाएको छ।

आफूहरुमाथि दुर्व्यवहार गरेको भन्दै व्यापारीहरुले भारत तर्फका ३०/३५ जना व्यक्तिहरुलाई सीमामा बोलाएर ड्युटीमा खटिएका सशस्त्र प्रहरी माथि आक्रमण सुरु गरेको बताइएको छ।


भारतीयहरु समूहमा सीमामा आएर ढुङ्गामुढा गरी यस्ता हतियार हामीसँग पनि छ भन्दै गस्तीमा रहेका सशस्त्र प्रहरीको हतियार खोस्ने प्रयास गरेको प्रमुख जिल्ला अधिकारी मोहनबहादुर जीसीले बताए । हतियार खोस्ने प्रयास गरेपछि वाध्य भएर एक राउण्ड हवाई फायर गरी स्थितिलाई नियन्त्रणमा लिएको प्रजिअ जिसीले बताए ।

सिमामा कडाइका बाबजुद दुवैदेशका नागरिकहरु लुकिछिपी सामानहरुको ओसारपसार गर्दै आइरहेको स्थानीयहरुले बताएका छन्।

# नदीजन्य पदार्थ निकाल्ने ठेकेदार कम्पनीलाई जरिवाना

रञ्जन यादव

जीतपुर । लकडाउनमा मापदण्ड बिपरित बाराका खोलाहरुबाट नदीजन्य पदार्थ निकाल्ने तीन वटा ठेकेदार कम्पनीलाई आइतबार कार्बाही गरिएको छ । कार्बाहीमा पर्नेमा जितपुरसिमरा उपमहानगरपालिकाको खोलाहरुबाट ढुङ्गा बालुवा, गिटी र ग्रेभल उत्खनन गर्ने ठेक्का लिएका ठेक्दार कम्पनी हेटौंडाको न्यु पाथीभारा सप्लार्यस , सिमराका श्रेष्ठ बिल्डर्सले र कलैयाका ओम सप्लार्यस रहेका छन्।



जिल्ला अनुगमन तथा समन्वय समितीको बैठकले तीनवटै कम्पनीहरुलाई जनही एक/एक लाखको दरले जरिबाना गरिएको बाराका प्रमुख जिल्ला अधिकारी रुद्र प्रसाद पण्डितले जानकारी दिए। बालगंगा, दुधौरा र पसाह गरि तीनवटै खोलाहरुमा मापडण्ड बिपरित उत्खन्न गरेको देखिए पछि स्काभेटर र टिपरहरु गरेर १५ वटा गाडिलाई हिजो नियन्त्रणमा लिएको प्रमुख जिल्ला अधिकारी पण्डितले बताए। जिल्ला समन्वय समिति बाराका प्रमुख नवलकिशोर सिँहको नेतृत्वमा खोलाहरूको अनुगमन गर्न गएको टोलीमा प्रमुख जिल्ला अधिकारी पण्डित, बाराका प्रहरी उपरीक्षक कृष्ण पंगेनी, सशस्त्र प्रहरी उपरीक्षक दिग्बिजय सुवेदी लगायतको सहभागिता रहेको थियो।

बालगंगा खोलाबाट लगभग २१ लाख १० हजार क्युफिट नदीजन्य पदार्थ उत्खनन गर्नको हेटौंडाको न्यु पाथीभारा सप्लार्यसले तीन करोड ७९ लाखमा नदीजन्य पदार्थको ठेक्का साकार गरेको छ। दुधौरा खोलाबाट करिब २७ लाख दुई हजार क्युफिट नदीजन्य पदार्थको उत्खनन गर्न सिमराको श्रेष्ठ बिल्डर्सले तीन करोड ७९ लाखमा नदीजन्य पदार्थको ठेक्का स्वीकार गरेको हो।

त्यस्तै पसाहा खोलाबाट लगभग ५४ लाख ४६ हजार क्युफिट नदीजन्य पदार्थको उत्खनन गर्न कलैयाको ओम सप्लार्यसले ठेक्का सकार गरेको जितपुरसिमरा उपमहानगरपालिकाको कार्यालयले जनाएकोछ। अनुगमनको क्रममा तीनै ठाउँको खोलामा उत्खन्न हुँदा जीतपुर सिमरा उपमहानगरपालिकाको तर्फबाट कुनै प्रतिनिधि नदेखिएको अनुगमन टोलिका संयोजक नवलकिशोर सिँहले जानकारी दिए । प्रतिनिधिको अभावमा उत्खनित मालबस्तुको परिमाण यकिन हुन नसक्ने भएकाले यथाशिघ्र चाडो प्रतिनिधि राख्न निर्देशन दिएको सिँहले बताए।

# उडान सञ्चालनयोग्य अन्तराष्ट्रिय विमानस्थल

काठमाण्डु। कोभिड-१९ को प्रभावले दुईमहिनादेखिव्यावसायिक उडान हुन नसकेको मुलुकको एकमात्र त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल शीघ्र सञ्चालन योग्य भएको छ। मुलुकमा जारी बन्दाबन्दी र त्यसपछिको सामान्य अवस्थामा विमानस्थलको आन्तरिक र अन्तराष्ट्रिय उडान सञ्चालनका लागि सामाजिक दूरी कायम हुने गरी नयाँ संरचना तयार गरिएको हो। विमानस्थलको तीन सय मिटर धावनमार्ग विस्तारसँगै कोभिड-१९ को सङ्क्रमण फैलन नदिन सामाजिक दूरी कायम हुने गरी संरचना तयार गरिएको विमानस्थलले जानकारी दिएको छ । विमानस्थलको भौतिक संरचना तथा कोभिडको जोखिम नियन्त्रणका लागि अपनाइने नयाँ संरचनाबारे आज विमानस्थलले सञ्चारमाध्यमलाई स्थलगत अवगत गराएको थियो। विमानस्थलको धावनमार्ग विस्तारदेखि सामाजिक दूरी कायम गर्न दुबैतर्फका उडानको टर्मिनल भवनमा बनाइएको नयाँ संरचनाबारे विमानस्थलका महाप्रबन्धक देवेन्द्र केसीसहितको प्राविधिक टोलीले विभिन्न सञ्चारमाध्यमका सञ्चारकर्मीलाई जानकारी गराउनुभएको थियो।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) र आइकाओको मापदण्डमा रहेर विमानस्थल सञ्चालन गर्दा अपनाउनुपर्नेसावधानीबारे आवश्यक तयारी गरेको हो । विमानस्थलको आन्तरिक र अन्तराष्ट्रिय टर्मिनल भवनमा यात्रुको स्वास्थ्य सुरक्षाका लागि सामाजिक दूरी कायम गरिएको छ । यात्रुका लागि अन्तराष्ट्रियको टर्मिनलको ट्रली हलमा डेढ मिटर दूरी कायम गरिएको छ । सेवामा खटिने कर्मचारीको स्वास्थ्य सजकताका सबै मापदण्ड बनाइएको छ।

बन्दाबन्दीपछि अन्तराष्ट्रिय विमानस्थलको सेवा कसरी सञ्चालन गर्ने भनेर आवश्यक तयारी गरिएको विमानस्थलका महाप्रबन्धक देवेन्द्र केसीले बताउनुभयो। सम्भवतः सरकारको निर्णयअनुरुप एक साताभित्रै हवाई उद्धार उडानमार्फत विभिन्न मुलुकमा अलपत्र परेका नेपालीलाई घर फर्काउनेछ । त्यसका लागि विमानस्थलले अपनाउनुपर्ने आवश्यकसतर्कतारसबैखालेतयारी गरिएको महाप्रबन्धक केसीले बताउनुभयो।

बन्दाबन्दीको अवस्थामा विमानस्थलको धावनमार्ग विस्तारको काम पनि सकिएको विमानस्थलले जनाएको छ । विमानस्थलको पुरानो तीन हजार मिटर धावनमार्गलाई विस्तार गरी तीन हजार ३०० कायम गरिएको छ । विमानस्थलको दक्षिणतर्फ तीन सय मिटरको धावनमार्ग निर्माण गरिएको हो । विस्तार भएको धावनमार्गमा अब रनवे र एप्रोच लाइटिङको काम मात्रै बाँकी छ । यसले अन्तराष्ट्रिय उडान सहजताका साथै हवाई सुरक्षाको सुनिश्चितता हुने विमानस्थलको भनाइ छ।

विमानस्थलको धावनमार्गको दक्षिणतर्फ (कोटेश्वर क्षेत्र) रनवे जिरो-टू विस्तारको काम भएको हो । नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) अन्तर्गतका हवाई यातायात क्षमता अभिवृद्धि आयोजनाले धावनमार्ग विस्तारको काम गरेको हो । आयोजनाका सूचना अधिकारी दीपेन्द्र श्रेष्ठले विमानस्थलको धावनमा मार्ग विस्तारपछि उडान अवतरणका लागि सहजता आउनाका साथै अन्तराष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ) को मापदण्ड पूरा हुने बताउनुभयो । यसले विमानस्थलको सेफ्टी स्ट्यान्डर बढ्नाका साथै हवाई सुरक्षाको सुनिश्चिता भएको उहाँले उल्लेख गर्नुभयो।

एशियाली विकास बैंकको सहयोगमा सन् २०१३ देखि नै ठेक्का प्रक्रिया चलेको भए पनि बीचमा ठेकेदारको लापर्वाहीले केही ढिला गरी आयोजना सम्पन्न भएको श्रेष्ठले बताउनुभयो। तीन सय मिटर धावनमार्ग विस्तारका लागि मूल्य अभिवृद्धि करबाहेक रु ८० करोड बजेट खर्च भएको आयोजनाले जनाएको छ।

विगत आठ वर्षदेखि थाती रहेको धावनमार्ग विस्तारको काम सम्पन्न भएको विमानस्थलका महाप्रबन्धक केसीले बताउनुभयो। बन्दाबन्दीको अवस्थामा जहाजको गतिविधि कम भएपछि निर्माणमा सहजता आएको थियो । झण्डै दुई महिनामा यो काम सकिएको छ । धावनमार्ग विस्तारपछि अन्तराष्ट्रिय उडानका जहाजलाई उडान अवतरणमा सहजता हुने विमानस्थलका महाप्रबन्धक केसीले बताउनुभयो। रासस

## असार १ गतेदेखि विद्यालय सुचारु गर्न आह्वान

टुडे समाचारदाता

काठमाण्डु। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आगामी असार १ गतेबाट पठनपाठन सुचारु गर्न संघ, प्रदेश तथा स्थानीय तहलाई आह्वान गरेको छ।

शिक्षा विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणी पोखरेलले आइतबार विज्ञप्ति जारी गर्दै लामो समयसम्म पढाई अवरुद्ध भएका कारण पुग्न जाने शैक्षिक क्षतिलाई न्युनीकरण गर्न विद्यालय जाने उमेर समूहका बालबालिकाको नियमित पठानपाठनको सहज अवस्था सिर्जना गर्न लागेको बताए।

दुर तथा खुल्ला शिक्षा लगायत बैकल्पिक प्रणालीबाट सिकाइमा सहजीकरण गर्न हाले मन्त्रालयले वैकल्पिक प्रणालीबाट सिकाई सहजीकरण गर्ने सम्बन्धि निर्देशिका २०७७ जारी गरेको उनले जनाए।

'सो निर्देशिकालाई यहि २०७७ साल असार १ गतेबाट कार्यन्वयन गर्न गराउन संघ, प्रदेश र स्थानीय तहका सबै निकाय तथा सरोकारवालाई हार्दिक आव्हान गर्दछु,' मन्त्री पोखरेलले विज्ञप्तिमा भनेका छन्।

यसैवीच बजेट वक्तव्यको बुँदा नम्बर १६६ बारे मन्त्री पोखरेलले आफ्नो मन्त्रालयले प्रस्ताव नगरेको दावी गरेका छन्। मन्त्री पोखरेलले सार्वजनिक शिक्षाको सवलीकरण सबैको साझा दायित्व भएको पनि बताएका छन्।

# निःशुल्क पिसिआर परीक्षण गर्न सर्वोच्चको आदेश

काठमाण्डु । सर्वोच्च अदालतले विश्व स्वास्थ्य सङ्गठनले निर्धारण गरेको मापदण्डअनुसार प्रत्येक्ष र अग्रिम पङ्क्तिमा काम गर्ने कर्मचारी र क्वारेन्टिनमा बस्ने व्यक्तिलाई अविलम्ब पिसिआर परीक्षणको व्यवस्था गर्न अन्तरिम आदेश जारी गरेको छ।

न्यायाधीशद्वय प्रकाशमान सिंह राउत र कुमार रेग्मीको संयुक्त इजलासले आज कोभिड-१९ विरुद्ध प्रत्यक्ष र अग्रिम पङ्क्तिमा रहेर स्वास्थ्य सेवा उपलब्ध गराउने चिकित्सक, नर्स र स्वास्थ्य सेवामा खटिएका कर्मचारीलाई सुरक्षाको व्यवस्था गर्न सरकारका नाममा अन्तरिम आदेश जारी गरेको हो।

आदेशमा भनिएको छ, स्वास्थ्य सेवामा खटिएका कर्मचारी, सफाइकर्मीहरु तथा आम जनसमुदायसँग प्रत्यक्ष सम्पर्कमा रहने सुरक्षाकर्मीलाई आवश्यक पर्ने पोशाक, वस्तु, उपकरण लगायतका सम्पूर्ण सामग्रीहरु पर्याप्त मात्रामा निःशुल्क अविलम्ब उपलब्ध गर्ने व्यवस्था गर्नु/गराउनु।

आदेशमा क्वारेन्टिनमा रहेका सम्पूर्ण व्यक्तिको अविलम्ब पिसिआर विधिबाट निःशुल्क स्वास्थ्य परीक्षण गर्नु, क्वारेन्टिनमा राखिएको व्यक्तिको हकमा निजलाई आवश्यक पर्ने स्वास्थ्य सेवा र सुरक्षाको यथोचित प्रबन्ध मिलाउनु भनिएको छ। सामाजिक दूरीको मान्यतालाई कायम राखी गर्मीको मौसम भएकाले लामखुट्टेलगायतबाट हुनसक्ने सङ्क्रमणबाट जोगाउन आवश्यक व्यवस्था गर्नु एवं क्वारेन्टिनको अवधिभर क्वारेन्टिनमा बसेका व्यक्तिलाई निःशुल्क भोजनको व्यवस्था गर्नु, आदेशमा भनिएको छ। रासस

# कोरोनाविरुद्ध लड्न राष्ट्रिय सहमतिको आवश्यक : विज्ञहरु

काठमाण्डु । गणेशमान सिंह अध्ययन प्रतिष्ठानले सरकारले कोभिड-१९ विरुद्ध सरकारले चालेको उपाय अपुग भएको बताएको छ । प्रतिष्ठानले अनलाइनमार्फत आइतबार विज्ञहरुसँग गरेको छलफलमा सरकारले हाल अवलम्बन गरेका नीति, प्रक्रिया र संयन्त्रले कोभिड-१९ ले सिर्जना गरेको चुनौती विरुद्ध लड्न नसकिने बताएको छ।

प्रतिष्ठानका अध्यक्ष एवम् पूर्वमन्त्री नवीन्द्रराज जोशीले सरकारले कोभिड-१९ का विरुद्धमा चालेका कदमबारे राष्ट्रिय सहमति सिर्जना गर्नेमा कमी देखिएको बताउनुभयो। भाइरस सङ्क्रमको दर अझै बढ्न सक्छ, राजनीतिक दल, नागरिक समाज, निजी एवम् गैरसरकारी क्षेत्रका विज्ञ, व्यवयासी तथा साझेदारहरूको समेत सहभागिता गराई राष्ट्रिय एकतावद्ध झल्किने रणनीतिक तथा विस्तृत कार्यनीति अविलम्ब तर्जुमा हुनुपर्छ, उहाँले भन्नुभयो।

प्रतिष्ठानले देशको आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव न्यून गर्न तथा जनताको सामाजिक तथा मानसिक सुस्वास्थ्य कायम गर्न सामाजिक दूरी कायम गर्दै बन्दाबन्दी घटाउँदै जानुपर्ने बताएको छ। भारतलगायत विदेशमा रहेका नागरिकलाई देश फर्किने अनुमान र कोभिड-१९ सङ्क्रमण पुष्टि भएको बढ्दो संख्यालाई ध्यानमा राख्दै सरकारले सार्वजनिक निकाय बाहिर रहेका प्राविधिक विज्ञको सहयोगमा क्वारेन्टिनको क्षमता तथा व्यवस्थापनको गुणस्तर सुधार गर्दै लैजानुपर्ने प्रतिष्ठानले बताएको छ।

प्रतिष्ठानले गर्भवती महिलालगायत जरुरी स्वास्थ्य सेवा चाहिने व्यक्तिका लागि यातायात तथा समयमै उपचार हुने व्यवस्था मिलाउनुपर्ने बताएको छ। रासस

## तपाईंको आज

आचार्य पण्डित : श्री सन्तोष कु. पाण्डेय

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने। |
| बृष | : प्रेम प्रसंग, मित्र सुख। |
| मिथुन | : बौद्धिक क्षमता। |
| कर्कट | : वाद विवादबाट बच्नु। |
| सिंह | : अवसर प्राप्त। |
| कन्या | : धन बृद्धि सञ्चय। |
| तुला | : शिक्षामा उन्नति। |
| बृश्चिक | : पारिवाहिक सुख। |
| धनु | : भ्रमण अवसर हुने। |
| मकर | : प्रतिभा सम्पन्नता। |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ। |
| मीन | : नयाँ कार्य हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

☎☎ जनकपुरधाम ०४१ ☎☎

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८९९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५२००४४ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# संक्रमित फेला परेपछि कर्मचारीहरु होम क्वारेन्टाइनमा

टुडे समाचारदाता




मलंगवा । छिमेकीलाई कोरोना संक्रमण भएपछि सर्लाहीको सदरमुकाम मलंगवाको एक निजी अस्पतालमा कार्यरत सम्पुर्ण कर्मचारीहरु होम क्वारेन्टाइनमा बसेका छन् । गत जेठ १६ गते शुक्रबार छिमेकमा बस्दै आएकी मलंगवाकी एक महिला पत्रकारलाई कोरोना संक्रमण पुष्टि भएको रिपोर्ट आएको जानकारी पाए लगत्तै वडा न-९ स्थित सरस्वती टोलमा संचालित देव श्रीपोलिक्लिन प्रा.ली मा कार्यरत कर्मचारीहरु लगायत संचालक परिवार अस्पतालमै होम क्वारेन्टाइन भएका छन् ।

देव श्रीपोलिक्लिकका संचालक एवं डा.सोनेलाल रायका अनुसार निज (संक्रमित महिला)को क्लिनिकमा सधैं आवतजावत हुने गरेकोले यसको असर कार्यरत कर्मचारी र परिवारका सदस्यहरुमा पनि पर्न गएको हुन सक्ने आशंकामा आफुहरुको कोरोना जाँच भइ रिपोर्ट नआउञ्जेल सम्मको लागि गत शुक्रवारबाट हामी क्लिनिकको हाता भित्रै होम क्वारेन्टाइनमा बसेका हौं ।

होम क्वारेन्टाइन बसेको अवधी सम्म बाहिरका कुनै पनि ब्यक्तिहरुसँग हाम्रो प्रत्यक्ष सम्पर्क नरहेकोले यसबाट स्वास्थ्य जाँचका लागि आउने सेवाग्राही बिरामीहरुलाई पर्न गएको असुविधालाई मध्येनजर गर्दै जतिसक्दो चाँडो आफुहरुको कोरोना जाँच गराइदिन भन्दै रायले सरोकारवाला निकाय सँग आग्रह गरे ।

साथै निज संक्रमित महिला लगायत जिल्लाभरका संक्रमित ब्यक्ति सँग जानीनजानी प्रत्यक्ष सम्बन्धमा आउनु भएका नागरिकहरु पनि सम्बन्धित स्थानीय तहका क्वारेन्टाइन अथवा होम क्वारेन्टाइनमा बसिदिन समेत उनले आग्रह गरे ।

# भारतीय एसएसबीको विरोधमा प्रदर्शन

टुडे समाचारदाता

कलैया । बाराको सिम्रौनगढ नगरपालिका वडा नम्बर १ नम्सगरा ढाटको दुबर देवीमाईको



मन्दिर अगाडी दशगजा क्षेत्रमा भारतीय एसएसबीको बिरोधमा स्थानियहरुले प्रदर्शन गरेका छन् । वडा नम्बर २ का जगदिस साहको छोरा बर्ष २४ का पवन गुप्ताले आईतबार बिहान दिदी रिन्कु देवी साहलाई नेपाल भारतको दशगजामा छाडेर फर्किदै गर्दा एसएसबीले निर्घात कुटपिट गरि मोतीहारी जेल चलान गरेको बिरोधमा वडा नमबर १, २ मौयाही, बेरिया र नमसागरा घाटका स्थानीयहरुले प्रदर्शन गरेको नेपाली काँग्रेसका जिल्ला कोषाध्यक्ष चन्द्रशेखर यादवले बताए ।

निर्दोष पवनलाई रिहा गर, एसएसवीको ज्याजती बन्द गर, नेपाल र भारतको सद्भाव बिगार्ने काम बन्द गर, जस्ता नाराबाजी गर्दै प्रदर्शन गरेका हुन । पवनलाई रिहाई नगरिए कडा संघर्ष गरिने स्थानियहरुले बताएका छन् । पवन आफ्नो दिदी, भान्जा, भान्जी सहित ४ जनालाई ढाका थाना चिरैया नजिक रहेको ललबेगिया गाउँ जानका लागि नेपाल र भारतको नमसगरा ढाटको दशगाजामा छाडेर आउने क्रममा एसएसवीले नियन्त्रणमा लिएको थियो ।

दशगजामा सशस्त्र प्रहरी र एसएसवी बिच बिगत तीन दिनदेखि चर्काचर्की हुदै आएको हुदा भारतीय एसएसबीहरुले नेपालीहरु दशगाजामा आएको खण्डमा कुनै मुद्धामा फसाई जेल पठाउने धम्की दिदै आएको नेका जिल्ला कोषाअध्यक्ष यादवले भने ।

एसएसबीले नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानियहरु बिच भएको छलफल पछि पवनलाई छुटाउन पहल गर्ने प्रतिवद्धता जनाएपछि स्थिति साम्य भएको नेता यादवले भने । यस बिषयमा प्रमुख जिल्ला अधिकारी रुद्र प्रसाद पंडितले मोतिहारीका डिएमसंग कुराकानी भईरहेको बताउदै आफनो जिल्लाको नागरिकको सुरक्षा गर्ने मेरो कर्तब्य रहेको हुदा त्यसको बारेमा पहल भईरहेको जानकारी दिए ।

# रुकुम पश्चिमका मृतकलाई शीद घोषणा गर्न माग

टुडे समाचारदाता



राजविराज । रुकुम पश्चिम चौरजहारी घटनाका मृतकलाई साँस्कृति सहिद घोषणाको माग गरिएको छ । विश्वकर्मा उत्थान समाज नेपाल सप्तरीले शनिबार जिल्ला प्रशासन कार्यालय सप्तरीमा ज्ञापन पत्र बुझाउँदै यस्तो माग गरेको छ। ज्ञापनमा घटनाका पीडित परिवारलाई क्षतिपूर्ती शान्ति सुरक्षा, घाइतेहरुको उपचारको व्यवस्था मिलाउन पनि माग गरिएको छ ।

समाजका अध्यक्ष राजेन्द्र विश्वकर्मा र सचिव राजु विश्वकर्माले संयुक्त रुपमा बुझाएको ज्ञापनपत्रमा घटनामा संल्गन दोषीहरु उपर निष्पक्ष छानविन गर्न पीडित समुदायको प्रतिनिधित्व हुने गरी उच्च स्तरीय छानविन समिति गठन गर्न र दोषीहरुलाई हदेसम्मको कारबाही गर्न भनिएको छ ।

सप्तरीका प्रमुख जिल्ला अधिकारी सुनिल खनाललाई बुझाइएको ज्ञापन पत्रमा रुकुम पश्चिम चौरजहारी नगरपालिका ८ सोती निवासी बीरबहादुर मल्ल र प्रकाशी मल्लकी छोरी सुश्मा मल्ल र जाजरकोट जिल्ला भेरी नगरपालिका वडा नंबर ४ का नवराज बिक बीचको प्रेम सम्बन्ध केटाकेटीको सहमतिमा विवाहमा परिणत हुनेक्रममा जेठ १० गते सामुहिक हत्या गरिएको उल्लेख छ ।

ज्ञापन पत्रमा चौरजहारीको घटनाले एक्काइसौं शताब्दीमा पनि यस घटनाले नेपाली समाजलाई लज्जित बनाइएको भन्दै उक्त घटना सुनियोजित ढगले गरिएको दावी गरेको छ ।

त्यस्तै रुपन्देही जिल्लाको देवदहमा गत शुक्रबार साँझ १३ वर्षीया स्थानीय दलित बालिका अंगिरा पासीलाई २५ वर्षीय वीरेन्द्र भरलेरु बलात्कार गरेको ज्ञापनपत्रमा तर शनिबार बिहान वडाध्यक्ष अमरबहादुर चौधरीसहित समाजका अगुवाहरूको भेलाले बालिकामाथि अन्याय भएको भन्दै वीरेन्द्रलाई नै सजायस्वरूप बालिकालाई श्रीमती स्विकार्नु पर्ने जिम्मा लगाएको उल्लेख छ ।

बलात्कारीकै जिम्मा दिएको अर्कोदिन नजिकैको खरबारीमा मृत भेटिएको घटनाप्रति समेत गम्भिर ध्यानकषर्ण भएको भन्दै १३ वर्षीया अबोध बालिकालाई जबर्जस्ती वा फकाएर शारीरिक सम्बन्ध राख्नु कानुनी र मानवीय रूपमा बलात्कार ठहर गरिएको छ ।

# दशगजा क्षेत्र दिनदिनै अतिक्रमणको चपेटामा

मलगंवा । नेपाल-भारतबीचको सीमा छुट्याउने यस जिल्लाको दशगजा क्षेत्र दिनदिनै अतिक्रमणको चपेटामा परेको छ। दुवै देशका नागरिकले दशगजा अतिक्रमण गरी घरगोठ बनाउने, पराल थुपार्ने, गुइँठा बनाउने, पशु चौपाया बाँध्ने र बाटो बनाउनेजस्ता कार्य गरेका कारण दुई देशलाई छुट्याउने दशगजाको भूमि अतिक्रमणको चपेटामा परेको हो ।

साविकको सङ्ग्रामपुर, त्रिभुवन नगर, मधुवनीगोठ मलङ्गवा, हरिपूर्वा, भाँडसर, बलरालगायत ५१ किलोमिटर क्षेत्रमा गाडिएको जङ्गेपिलर, सहायक पिलर र केही साना पिलरलाई नेपाल-भारत दुवै देशका नागरिकले अतिक्रमण गर्दा अहिले पिलर ढल्ने अवस्थामा पुगेको केही स्थानीयवासीले गुनासो गरेका छन् ।यसरी दुई देशबीचको सीमा छुट्याउन गाडिएका ३१५ पिलरमध्ये आठ जङ्गेपिलर, २० सहायक पिलर र १४० साना पिलर अत्यन्तै जीर्ण अवस्थामा पुगेको र दुई साना पिलर हराएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ। रासस

## हत्याको निष्पक्ष छानबिन गर्न माग गर्दै गृहमन्त्रीसमक्ष ज्ञापनपत्र

काठमाण्डु । विभिन्न राजनीतिक दलका नेता र अधिकारकर्मीहरुले रुकुमपश्चिम चौरजहारी नगरपालिका-८ मा भएको घटनाबारे सत्यतथ्य छानबिन गरी दोषीलाई हँदेसम्मको कानूनी कारवाही गर्नुपर्ने माग गर्दै गृहमन्त्री रामबहादुर थापासमक्ष ज्ञापनपत्र बुझाएका छन् । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का स्थायी समिति सदस्य छविलाल विश्वकर्मा, पूर्वमन्त्री दलजीत श्रीपाइली र नेपाली काँग्रेसका केन्द्रीय सदस्य तथा संविधानसभाका सभासद् जीवन परियारलगायत नेता तथा अधिकारकर्मीले आइतबार गृहमन्त्री थापासँग भेट गरी रुकुम घटनामा मृत्युवरण गरेका युवालाई सांस्कृतिक रुपान्तरण अभियानका शहीद घोषणा गर्नुपर्ने माग गरेका हुन् ।

यही जेठ १० गते रुकुमपश्चिम चौरजहारी नगरपालिका-८ सोती निवासी सुष्मा मल्लसँग नवराज विश्वकर्माको अन्तरजातीय प्रेम सम्बन्ध भएको र विवाहका लागि साथीहरु लिएर केटीको घरमा जाँदै गर्दा स्थानीयवासीले कुटपिट गरी हत्या गरिएको पीडित परिवारको भनाइ छ । मृतक नवराजको शव भेरी नदीमा भेटिएको थियो । नवराजसँगै केटीको घरमा गएका अन्य पाँचजनाको शव पनि भेरी नदीमा भेटिएको छ । सोही घटनामा अझै एकजना बेपत्ता छन् । निष्पक्ष रुपमा छानबिन गरी दोषीलाई हँदेसम्मको कानूनी कारवाही गर्न माग दलित समुदायले देशैभरि प्रदर्शन गर्दै आएका छन् । रासस

# डोम समुदायको भवन तयार

टुडे समाचारदाता

गौर । रौतहटको दुर्गाभगवती गाउँपालिकाका अध्यक्ष अरुण साहले उदाहरणीय कार्य गरेको लाभान्वित एउटा छूट्टै पहिचान बनाउन सफल भएको छ । सामाजिक ,आर्थिक ,राजनीतिक रुपमा पछि पारिएका समुदायको व्यवहार ,जीवन स्तरमा परिवर्तन ल्याउने अध्यक्ष



समुदायका व्यक्तिहरुले बताएका छन । लोपोन्मुख समुदाय डोम जातीको लागि सुविधा संपन्न पक्की घर निर्माण गराएकोले लाभग्राहीहरुले अध्यक्ष साहको कार्यलाई छूटै पहिचान बनाउने कार्यको संज्ञा दिएका हुन । बागमती नदी कटानको कारन अलपत्र अवस्थामा परेका ६ जना परिवारलाई व्यवस्थित गराउनको लागि सुविधा सहितको पक्की भवन निर्माण गराएको गाउ पालिका अध्यक्ष साहले बताए । अरुको जग्गामा फूसको झोपडी बनाएर कठिन जीवन निर्वाह गर्दै आएका डोम समुदायलाई गाउँपालिका अध्यक्ष स्तरीय योजना अंतर्गत करिव ७१ लाखको लगायत ६ जना परिवारको लागि भवनको निर्माण गरिएको र हस्तान्तरणको तयारीमा रहेको अध्यक्ष साहले बताए ।

१८ वटा स्थानीय तह रहेको रौतहटमा दुर्गाभगवती गाउँपालिकाले साहको कार्य भविष्यमा उदाहरणको रुपमा लिइनेछन।

शिक्षा ,रोजगारीबाट बंचित भएका दलित समुदायको लागि कार्य गर्ने लक्ष्य रहेको बताउँदै अध्यक्ष साहले आगामी दिनमा मुसहर जातीको लागि घर बनाई दिने योजना रहेको प्रष्ट परे । लकडाउनको कारण रंगरोदनको कार्य प्रभावित भएकोले आर्थिक मासांत भित्रमा निर्माण गरिएको भवन उद्घाटन गरी जिम्मा लगाउने जनाए । झुपड़ीमा बसेको दिन गएको भन्दै दिनेश मल्लीकले खुसी व्यक्त गरे ।

उनले अध्यक्ष साहको धन्यवाद दिदै बसनको लागि भवन बनाई दिनु भएकोले आभारी रहने बताए । झकरी देवी , सोना देवी , चम्पा देवी मल्लीले खुशी व्यक्त गर्दै रोजगारीको व्यवस्था गराई दिन समेत आग्रह गरे ।


## श्री धर्म संस्था

**रामस्वरुप साह, रामसागर साह**

मिल्स एरिया, जनकपुरधाम -१

**सूचना ! सूचना !! सूचना !!!**

यस श्री धर्म संस्थाको आर्थिक वर्ष २०७६/०७७ को लेखा परीक्षण गराउनको लागि यस संस्थाको वार्षिक साधारण सभावाट लेखा परीक्षकको नियुक्ति आवश्कता भएकोले श्री धर्म संस्थाको स्वीकृत विधान अनुसार लेखा परीक्षण गर्न नेपाल चार्टर्ड एकाउण्टेण्ड संस्थाबाट पेशागत प्रमाण-पत्र नविकरण भएको तथा स्थायी लेखा नम्बर र आ.व.२०७५/०७६ को कर चुक्ता लिएको लेखा परीक्षकबाट सूचना प्रकाशित मिति देखि २०७७/०२/२५ गते सम्म संस्थामा उक्त प्रमाणपत्रहरुको फोटोकपी संलगन गरी आवेदन दिनु हुन आह्वान गरिएको छ। अन्य विस्तृत जानकारीको लागि संस्थाको कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

**नोट : सम्पर्क नं. ९८१५८७८३०३**

सचिव


# प्रदेश २ का अस्पतालहरुलाई ८ करोड २३ लाख

टुडे समाचारदाता



जनकपुरधाम । कोरोना महामारी नियन्त्रण तथा उपचारका लागि प्रदेश सरकारले स्थापना गरेको कोषबाट प्रदेशका विभिन्न अस्पताललाई रकम उपलब्ध गराएको छ ।

प्रदेशका विभिन्न अस्पतालहरुलाई ८ करोड २३ लाख २५ हजार रुपैयाँ उपलब्ध गराएको हो । प्रदेश सरकारले विभिन्न अस्पताललको लागि ५ करोड १३ लाख ७५ हजार रुपैयाँ निकासा गरेको हो ।

कोरोना भारइस संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोषबाट रकम पठाएको अस्पतालहरुमा पर्साको पोखरिया अस्पताललाई औजार उपकरण खरिदमा १० लाख, जनशक्ति व्यवस्थापनमा १० लाख, कोभिड-१९ संक्रमित व्यक्तिहरु एवं स्वास्थ्यकर्मीहरुका लागि खाना, खाजा व्यवस्थापन गर्न १० लाख, औषधि खरिदमा ५ लाख र खानेपानी व्यवस्थापनमा २ लाख गरी ३७ लाख रुपैयाँ उपलब्ध गराएको छ ।

यस्तै, रौतहटको गौर अस्पताल र मातहत रहेका कोभिड विशेष अस्पतालहरुका लागि खाना, खाजा र पानी व्यवस्थापन गर्न २५ लाख, औषधि खरिदका लागि ५ लाख, पानीको धारा एवं विद्युत महसुलमा ६ लाख, पीपीइ र स्यानिटाइजर आदि खरिदमा ४ लाख, मेसिनरी औजार मर्मतमा १ लाख ५० हजार, जनशक्ति व्यवस्थापनमा १० लाख, सरसफाईमा १ लाख ५० हजार र बेड सेट खरिदका लागि ३ लाख गरी ५६ लाख रुपैया उपलब्ध गराएको छ । सर्लाहीको मलंगवा अस्पताल र मातहत रहेको कोभिड अस्पतालका लागि औषधि खरिद गर्न ५ लाख, जनशक्ति व्यवस्थापनका लागि १० लाख, खाना, खाजा व्यवस्थापन गर्न १० लाख, मेशिनरी औजार उपकरण खरिका लागि २ लाख, बेड तथा फर्निचर व्यवस्थापनका लागि ५ लाख, क्वारेन्टाइन बासका लागि ४ लाख, कार्यालय सामग्री र ईन्धनका लागि १-१ लाख, सवारी साधन भाडामा लिन १ लाख, आइसोलेशन भवन मर्मत संभारका लागि १ लाख, संचार महसुल २५ हजार र पानी तथा विद्युत महसुल ५० हजार गरी ४० लाख पचहत्तर हजार पठाएको छ ।

सप्तरीको भारदह अस्पतालमा प्रिफ्याब भवन निर्माणका लागि १ करोड ७५ लाख, फर्निचर फिक्सचर तर्फ २५ लाख, शौचालय निर्माण तर्फ २५ लाख, अस्पताल रंगरोगनका लागि १० लाख, ल्याब सेटअपका लागि ५० लाख र इलेक्ट्रिफिकेशन, प्लम्बिंग तर्फ ५ लाख गरी दुइ करोड नब्बे लाख रुपैया पठाइएको छ । सिराहा अस्पताल र मातहत रहेको कोभिड अस्पतालका लागि औषधि एवं स्वास्थ्य सामग्री खरिद गर्न १० लाख, अक्सिजन पाइपलाइन निर्माणका लागि १० लाख, सिसिटीभि एवं मेशिनरी औजार खरिदका लागि ५ लाख, बेड सेट एवं फर्निचर खरिदका लागि ५ लाख, क्वारेन्टाइन बास खर्चका लागि ५ लाख, खाना, खाजा व्यवस्थापन गर्न १० लाख, आइसोलेशन कक्ष निर्माणका लागि आवश्यक भौतिक पुर्बाधार विकास तर्फ १० लाख गरी ६५ लाख रुपैयाँ उपलब्ध गराएको छ ।

सप्तरीको गजेन्द्रनारायण सिंह सगरमाथा अस्पताल मातहत रहेको साईकृष्ण मेडिकल कलेज कोभिड १९ लेभल १ अस्पताल मा आइसोलेसन कक्ष निर्माण गर्न नेपाली सेनाको भिमदल गणलाई पच्चीस लाख रुपैया उपलब्ध गराएको छ ।

प्रदेश सरकारले पर्साको पोखरिया र सप्तरीको भारदह अस्पताललाई ५० शैय्याको अस्पतालमा स्तरोन्नति गर्ने निर्णय गरेको थियो ।

प्रदेश सरकारले यस अघि उपचार कोष बाट गजेन्द्र नारायण सिंह सगरमाथा अस्पताललाई १० लाख, सप्तरीको भारदह अस्पताललाई ३१ लाख, लहान अस्पताललाई १९ लाख ५० हजार, सिरहा अस्पताललाई १९ लाख ५० हजार, प्रादेशिक अस्पताल जनकपुरलाई ३१ लाख २५ हजार, जलेश्वर अस्पताललाई १९ लाख ५० हजार, मलंगवा अस्पताललाई १९ लाख ५० हजार, गौर अस्पताललाई १९ लाख ५० हजार, कलैया अस्पताललाई ३१ लाख २५ हजार, पोखरिया अस्पताल पर्सालाई ३१ लाख २५ हजार, र नारायणी अस्पताललाई विरगंज लाई खाद्यान्नको लागि २५ लाख तथा पिसिआर मेसिन संचालनको लागि ५० लाख गरि तीन करोड ९लाख, ५० हजार रकम उपलब्ध गराएको थियो ।

# हत्या गर्ने व्यक्ति ससुरालीबाट पक्राउ

टुडे समाचारदाता



लहान । दुई बर्षअघि एक व्यक्तिको घाँटी रेटेर हत्या गरी फरार रहेका सिरहाका एक व्यक्ति आफ्नो ससुरालीबाट पक्राउ परेका छन् ।

मिर्चैया नगरपालिका १ बस्ने २० बर्षीय इन्दल भनिने रुपेश यादवलाई मिर्चैया नगरपालिकाकै वडा नम्बर ११ सितापुर स्थित ससुरालीबाट नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

यादवले गत २०७४ साल असोज २३ गते सिरहाकै कर्जन्हा नगरपालिका १० निवासी ३६ बर्षीय शशीभूषण प्रसाद साहलाई कुटपिट गर्दै घाँटी रेटेर हत्या गरेको प्रहरीले जनाएको छ। हत्या गरी फरार रहेका उनलाई ससुराली घरमा लुकेको अवस्थामा प्रदेश प्रहरी कार्यालय, जनकपुरधाम र जिल्ला प्रहरी कार्यालयबाट संयुक्त रुपमा खटिएको टोलीले नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

पक्राउ परेका उनलाई सिरहा जिल्ला अदालतमा पेश गरिने सिरहा प्रहरीका प्रबक्ता बिनोद घिमिरेले जानकारी दिए ।

साहको हत्या घट्नामा सोमन भनिने राम ईश्वर कापरीलाई सिरहा जिल्ला अदालतको २०७४ साल पुस २५ गतेको आदेशले पुर्पक्षको निम्ति कारगार चलान गरिसकिएको प्रहरीले जनाएको छ ।


**सूर्तिजन्य पदार्थको सेवनले कोरोना भाइरसको संक्रमण हुने जोखिम बढाउँछ ।**

**सूर्तिजन्य पदार्थको सेवन नगरौं, कोरोना भाइरसको संक्रमण हुनबाट बचौं र बचाऔं ।**



सूर्तिजन्य पदार्थको सेवनले शरीरको फोक्सो सहित हरेक अंगलाई क्षति पुऱ्याउँछ। यसको सेवनले रोग लाग्नुका साथै अपाङ्गता पनि हुन सक्छ ।

कोरोना भाइरसले फोक्सोलाई क्षति पुऱ्याउँछ। सूर्तिजन्य पदार्थ सेवन गर्नेहरुको फोक्सोमा समस्या पहिले नै भैसकेको हुन्छ। कोरोना भाइरसले झन् बढी क्षति पुऱ्याउँछ।

सूर्तिजन्य पदार्थको सेवनले शरीरको रोग प्रतिरोधात्मक शक्तिलाई असर गर्दछ र संक्रमण हुने संभावनालाई बढाउँछ ।

राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा संचार केन्द्र ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# लकडाउन के का लागि ?

कोरोना भाइरससितको युद्धमा सरकारले सातौं पटक लकडाउन थपेकोछ ।मन्त्रीपरिषदको बैठकले लकडाउनलाई जेठ ३२ गते सम्मका लागि लम्बयाएकोछ ।चैत ११ गतेदेखि सुरु भएको लकडाउन निरन्तर सवा २ महिनादेखि जारी छ ।लकडाउन सर्वसधारणका लागि खुकुलो भएकोछ । शिक्षण संस्था, सरकारी कार्यालयहरु, कतिपय प्रकारका उद्योग, व्यवसाय, मठमन्दिहरु लगायत लकडाउनको कारण खुलेको छैन् ।विकास निर्माण लगायत झण्डै ३ दर्जन किसिमका उद्योगहरु सञ्चालनका लागि खुल्ला भएका छन् ।किराना पसलहरु खुल्ला रहेपनि कपडा पसलहरु खुल्दैन् ।समाजिक व्यवहार रोकिएकोछ ।लकडाउनले खेतको तरकारी बजार सम्म सहज रुपमा आउन सकेको छैन् ।लकडाउनको कारण खाद्य सामग्रीहरुको मुल्य बढेकोछ ।गुणस्तरहिन खाद्यसामग्रीहरुपनि धमाधम बिक्री भइरहेका छन् ।फलफुलको मुल्यपनि बढेकोछ ।सरकारले पछिल्लो पटक लकडाउन थप्नुको औचित्य पुष्टि गर्न सकेको छैन् ।देशमा कोरोना भाइरस संक्रमितको संख्या हरेक दिन दोब्बरको हाराहारीमा बढिरहेकोछ ।तर सडकमा मानिसहरुको भारी भीड देखिन्छ ।बैंकको कारोबारमा रेमिट्यान्स बाहेकमा अब धेरै फरक परेको छैन् ।क्रमिक रुपमा बैंकहरु पुरानो लयमा फर्कन थालेकोछ ।बैंक नियमित खुल्न थालेपछि त्यहाँ भीडपनि अत्यधिक हुन थालेकोछ ।सरकारले लकडाउन भनेपनि त्यसको कार्यान्वयन केहि निकाय बाहेक अत्यन्त फितलो छ ।लकडाउनमा बजार, व्यवसाय बन्द गरेर मानिस घरमा बस्नु पर्ने हो ।तर पसलहरु खुल्ला नरहेको समयमा पनि सडकमा मानिसहरुको आउजाउ भइरहन्छ ।सुरक्षाकर्मीहरु संक्रमित हुन थालेका छन् ।उनीहरुलाई आवश्यक स्वास्थ्य उपकरणको अभाव छ ।क्वारेन्टाइन र आइसोलेशन व्यवस्थित नभएको कारण मानिसहरु त्यहाँ रहन चाहदैनन् ।सरकारले क्वारेन्टाइन र आइसोलेशन सञ्चालनको जिम्मेवारी पालिकाहरुलाई दिएको छ।प्रदेश सरकार भूमिकाविहिन अवस्थामा छ ।प्रमुख जिल्ला अधिकारीहरुलाई ध्याननभ्याइ भएकोछ ।पालिकाका प्रमुखहरुसित बैठक, सीमामा निगरानी, पास वितरण, बजारको समय निर्धारण लगायत कोरोना भाइरससितको लडाइमा सम्पूर्ण कार्य जिल्ला प्रशासन कार्यालयबाट नै भइरहेकोछ।सरकारले लकडाउनको समय थपेपनि त्यसको प्रभावकारी कार्यान्वयन नहुँदा अनेक प्रकारको विकृती बढाएकोछ ।लकडाउनमा चोरी बढेकोछ ।सडकमा महिलाहरुको घाँटी, नाक, कानबाट गरगहना दिनमै खोसेर भाग्न थालिएकोछ ।सरकारले अब लकडाउनको भन्दा समाजिक दुरीलाई कायम राख्न नागरिकलाई सचेत गराउनु आवश्यक छ ।भीडभाड हुन नदिन सरकारले व्यापक कडाइ गर्नुपर्छ ।समाजिक दुरीलाई पालना गराउदै सरकारले पीसीआर टेस्टमा विशेष ध्यान दिनुपर्छ।समयमै टेस्ट नभएको कारण देशमा कोरोना भाइरस पोजिटिवको संख्या अत्यधिक बढन थालेकोछ ।अझैपनि टेस्ट भइरहेकोछ ।टेस्टको गतिलाई तत्काल तिव्रता दिन सरकारले आवश्यक संख्यामा भीटीएम लगायतका किटहरु मगाउनु पर्छ ।किटको अभाव र टेस्ट मेसिनहरुको कमिको कारण पीसीआर परिक्षण सुस्त भएकोछ।पीसीआ टेस्ट व्यापक नबनाइए लकडाउन लम्बयाउनुको खासै औचित्य छैन् ।समाजिक दुरीको पालना र पीसीआर टेस्टमा केन्द्रित नभए सम्म कोरोनाभाइरस बिरुद्धको युद्ध जित्न सहज हुने छैन् ।

# परस्पर विश्वासको खाँचो



श्रीमन नारायण

नेपाल र भारत विचको दुई पक्षिय सम्बन्धलाई सुदृढ बनाउने प्रयास हुनु पर्दछ । हामी विच देखिएका केही आरोह अवरोह र तिक्ततालाई पनि शान्तिपूर्ण वार्ताको माध्यमबाट समाधानको प्रयास हुनु पर्दछ । तनाव सृजना गर्ने काम कुनै पनि पक्षबाट हुनु हुदैन, किन भन्ने मित्र फेर्न सकिन्छ तर छिमेकी फेर्न सकिदैन ।

नेपाल र भारत वीच हाल देखिएका सिमाना विवाद लाई पनि शान्तिपुर्ण वार्ताको माध्यमबाट समाधान गर्न सकिन्छ । दुई देश वीचका १८०० किलोमिटर लामो सिमाना मध्ये ९८ प्रतिशत भन्दा पनि बढी विवाद मुक्त रहेको छ । केही ठाउमा देखिएका विवाद पनि आपसी सहमतीबाट समाधान गर्न सकिन्छ । तथ्य र प्रमाण भएकाले आफ्नो भुभाग पाउनु पर्दछ । तर यसै विषयलाई लिएर द्वण्दको अवस्था श्रृजना गर्ने काम कुनै पनि पक्षबाट हुनु हुदैन ।

नेपाल र भारत परम्परागत छिमेकी राष्ट्र हुन् । दुई देशका जनताबीचको सम्बन्ध यसका इतिहासभन्दा पनि पुरानो छ । नेपाल र भारत दुई यस्ता दक्षिण एसियाली मित्र राष्ट्र हुन्, जसलाई भूगोल र इतिहास दुवैले एसियाको मानचित्रमा गाँसिदिएको छ ।

खुल्ला सिमाना, धार्मिक, सांस्कृतिक राजनीतिक र आर्थिक सम्बन्धले हामी बीचको मित्रतालाई अझै बढी प्रगाढ बनाएको छ । अर्को शब्दमा भन्नुपर्दा यी दुई देशबीचको भौगोलिका सन्निकटता, आर्थिक अन्तरसम्बन्ध र सामाजिक सांस्कृतिक आदानप्रदान आदिका कारण यो आपसी सम्बन्ध राज्यस्तरमा मात्रै सीमित नभई जनस्तरमा समेत गहिरो र फराकिलो रहेको छ । यस बहुआयामिक सम्बन्धलाई थप प्रगाढ बनाउन दुवै देशका सरकार, जनता र सामाजिक संघसंस्थाहरु समेतले पनि आ-आफ्नो स्तरबाट हर सम्बन्ध योगदान र सहयोग गर्दै आएका छन् ।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो पाँच वर्षको पहिलो कार्यकालमा चार पटक नेपालको भ्रमण गर्नुलाई ऐतिहासिक मान्नु पर्दछ । यो नेपाल प्रतिको उनको सदभावलाई पनि देखाउछ । विगत ७ दशकमा भारत अथवा विश्वका कुनै पनि प्रधानमन्त्रीले पाँच वर्षको अवधिमा चार पटक नेपालको भ्रमण गरेनन् ।

मोदीले पशुपति, जनकपुर र मुक्तिनाथ जस्ता धार्मिक स्थलहरुको भ्रमण गरेर भारतीय पर्यटकहरुलाई नेपाल भ्रमणको निम्ति अभिप्रेरित गरेका छन् । यसले नेपाललाई लाभ नै पुर्‍याउने छ ।

दुई देशबीचको सम्बन्धलाई सुमधुर एवं परस्पर हितमा विकसित गर्न जिम्मेवार सम्वेदनशिल एवं गम्भिर भूमिकाको आवश्यकता पर्दछ । मित्रताको मापदण्ड लेनदेन मात्रै हुन सक्दैन । मित्रतामा समानता, प्रेम, सहकार्य, सहयात्रा र सुमधुर सम्बन्ध आवश्यक हुन जान्छ ।

एक असल मित्र आफ्नो अर्को मित्रको बारेमा कहिल्यै कुभलो चित्ताउने सोच्न सक्दैन । मित्रताको उपरोक्त मापदण्ड एउटा व्यक्तिको हकमा मात्रै होइन अपितु एउटा राष्ट्रको हकमा पनि लागु हुन्छ । प्रायः दुई राष्ट्रबीचको सम्बन्धमा दुवै देशको अर्थिक हित सर्वोपरी हुने गर्दछ तथा सरकार र सरकारबीच नै सम्बन्ध कायम भएको हुन्छ तर नेपाल र भारतबीचको सम्बन्ध विश्वका अन्य देशहरुको जस्तो छैन । विश्वका प्रायः सबै जसो देशहरु एक अर्का देशको सरकारसित सम्बन्ध कायम गरेका हुन्छन् तर नेपाल-भारत सम्बन्ध जनस्तरमा कायम छ । वि.सं. २००७ सालमा नेपालमा प्रजातन्त्रको स्थापनाका लागि भारतले राणा सरकारको विरोधमा आन्दोलनकारी शक्तिहरु तथा राजा त्रिभुवनलाई साथ दिएको थियो फलस्वरुप नेपालमा प्रजातन्त्रको स्थापना भएको थियो ।

पंचायतको ३० वर्षमा विश्वका सबै देशहरुले पंचायती व्यवस्थालाई समर्थन गरेको थियो तर भारतले भने नेपालका लोकतन्त्रवादीहरुलाई आफ्नो देशमा राजनीतिक शरण तथा आश्रय दिएको थियो । वि.सं. २०५९ सालको शाही कदम पश्चात पनि नेपालमा लोकतन्त्रवादीहरुलाई भारतले नै सहयोग गरेको थियो अर्थात भारतले नेपालको बैधानिक सत्तालाई महत्व दिनुका साथै लोकतन्त्रवादीहरुलाई पनि आफ्नो देशमा आश्रय दिनमा कन्चुस्याई गरेन् ।

त्यतिका बावजुद पनि नेपाल-भारत सम्बन्धको अवस्था उत्साहप्रद रहेन । वि.सं. २००७ सालदेखि नै नेपाल-भारत सम्बन्ध विचित्र अवस्थामा छ । दुई देश बीचको सम्बन्धमा नेपालको राष्ट्रवादलाई असङ्गति तथा समस्याको रुपमा प्रस्तुत गर्ने काम भई आएको छ । जबकि यसको कुनै आवश्यकता नै थिएन् ।

नेपालका प्रमुख राजनीतिक दलले सहज अवस्थामा सकभर भारतलाई रिझाउने र सत्ताबाहिर गएपछि भारतलाई खलनायकको रुपमा प्रस्तुत गर्ने कार्य गर्दै आएका छन् ।

भारतलाई नेपालको भलो चित्ताउने मित्र राष्ट्रको रुपमा मान्नेहरु पनि छन् । यस अन्तर विरोधले जनस्तरमा जुन शिक्षा दिएको छ त्यसको परिणाम हो अहिलेको परिस्थिती ।

भारतका केही लेखक, मीडियाकर्मी तथा केही राजनीतिकर्मी समेतको अनावश्यक वक्तव्य तथा टिप्पणीले नेपाली जनमानसमा भ्रमको अवस्था सृजना गर्ने गर्दछ । समय-समयमा नेपालमा भारत विरोधी जनमत सृजना हुनुको मुख्य कारण एकपक्षिय बुझाई पनि हो ।

जबकि दुई देशको मामिलामा सरकारको आधिकारिक प्रतिक्रियाको प्रतिक्षा नै नगरिकन जनस्तरबाट उत्तेजक टिप्पणी आउनुले पनि अनावश्यक विवाद सृजना गर्ने गर्दछ ।

नेपाल भारतबीच कुटनीतिक सम्बन्ध कायम भएको झण्डै सात दशक बितिसकेको छ । तर यस लामो अवधिलाई हामीले खेर फाल्यौ । यस अवधिमा त संसारका धेरै देश विकसित पनि भइसके । तर हामीले भारतसंगको विश्वासको वातावरण पनि बनाउन सकेनौं । भारतसित नेपालको सम्बन्ध कहिल्यै खराब पनि भएन तर धेरै राम्रो पनि रहेन् ।

मित्र फेर्न अथवा रोज्न सकिन्छ तर छिमेकी रोज्न सकिदैन भन्ने शाश्वत मान्यतालाई बिर्सेर हामीले परराष्ट्र नीतिको संचालन गर्‍यौ । भारत र चीनजस्तो विश्वका उदाउँदा शक्ति राष्ट्रबीच खवस्थित नेपालले दुरदर्शी कुटनीतिको संचालन गर्न सकेन । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पाँच वर्ष अघि नेपाल आउँदा भनेका थिए कि हामी नजिक-नजिक त छौं तर साथ-साथ हुनु पनि आवश्यक छ । भूगोलको राम्रारी संचालन गर्न र उपयोग गर्न नजानेका देशहरुले प्रगति गर्न सक्दैनन् । भारतसंग रहेको परम्परागत बहुआयामिक सम्बन्धलाई नेपाली जनताको हितमा सदुपयोग गर्न सक्नुपर्दछ । परस्पर विश्वासमा आधारित सम्बन्धले दुवै देशको भलो गर्नेछ । नेपालको आर्थिक, सामाजिक एवं राजनीतिक विकासमा भारतले गरेको सहयोगलाई बिर्सिदिने समय आएको छैन ।

परराष्ट्र मामिलाका संचालनमा अघि बढ्दा देखावटीपन अति उत्साह र अति निराशा जोखिमपूर्ण हुने गर्छ ।

व्यक्तिगत अथवा पार्टीगत हित एवं प्रतिष्ठानको आधारमा परराष्ट्रनीतिको संचालन हुन सक्दैन । जोशमा तथा भावावेशमा आएर कुनै एउटा मित्र राष्ट्रको पक्षमा उभिने तथा अर्कोको विरोध गर्ने काम हुनुहुदैन । आशंकाको भरमा मित्रराष्ट्रसितको सम्बन्धलाई बिगार्ने काम गर्नु हुँदैन । राष्ट्र वा परराष्ट्र सम्बन्धि नीतिको मुख्य आधार जनता वा राष्ट्र हुनुपर्दछ ।

**राष्ट्रको अर्थतन्त्र हुनुपर्दछ ।**

विश्वका सबै देशहरु समान छन् तर कतिपय कारणले केही देशहरु खास अथवा विशेष पनि छन् । जनसंख्या, क्षेत्रफल, अर्थतन्त्र, सैन्य क्षमता, सम्पन्नता एवं समृद्धिको कारणले कतिपय देश विशिष्ट महत्व पनि राख्दछन् । अन्तर्राष्ट्रिय एवं क्षेत्रिय मन्चहरुमा पनि विकसित सम्पन्न देशहरुको भूमिका निर्णायिक तथा महत्वपूर्ण हुने गर्दछ । आर्थिक रुपले सम्पन्न देश विस्तार-विस्तारै सबै क्षेत्रमा बलियो सावित भईहाल्छ तर आर्थिक रुपले कमजोर देशको महत्व हुँदैन । वर्तमान विश्व राजनीतिमा बढी लगानी गर्ने तथा बढी रोजगार दिने देशको महत्व बढी हुने गर्दछ ।

दाता राष्ट्रको महत्व हुने गर्दछ । परराष्ट्र नीतिको संचालनमा भूगोलको सही उपयोग गर्न परिणाम सकारात्मक आउन सक्दैन । भारत र चीन हाम्रो छिमेकी राष्ट्र हो । अमेरिका, जापान, बेलायत र युरोपेली संघका राष्ट्रहरुसित पनि नेपालको राम्रो सम्बन्ध रही आएको छ । तथा उपरोक्त राष्ट्रहरुले हाम्रो विकासमा महत्वपूर्ण सहयोगी सावित भएको छ । एउटा राजनीतिक दलको सम्बन्ध विश्वका कुनै पनि देशको राजनीतिक दलसित अथवा समान विचारधारा भएका राजनीतिक दलहरु सित हुनु स्वभाविक हो तरपरराष्ट्र सम्बन्धको निर्धारण व्यक्ति अथवा दलको हितलाई ध्यानमा राखेर निर्धारण गरिदेन ।

त्यहाँ देश र जनताको हित सर्वोपरी हुने गर्दछ । नेपालका राजनीतिक दलका नेताहरुले अथवा कुनै राजनीतिक दलले उत्तरकोरिया, क्युबा, भेनेजुएला लगायतका देशको पक्षमा विज्ञप्ति जारी गर्नुको अर्थ आफ्नो सरकार र देशलाई अप्ठ्यारोमा पार्नु हो । नेपालका राजनीतिक दलका नेताहरुले आफुलाई देश भित्रकै राजनीतिमा बढी केन्द्रित गर्दा देशको हितमा हुनेछ । परराष्ट्र मामिला हेर्ने जिम्मा परराष्ट्र मन्त्रीको हो र सरकारको हो ।

अन्तरराष्ट्रिय सम्बन्धमा नवीन दृष्टिकोण देखापरेका र राष्ट्र-राष्ट्रबीचका सम्बन्धमा पनि आर्थिक कुटनीतिले प्रमुखता पाउन लागेको सन्दर्भमा हामीले पनि सोही अनुसारको नीति बनाउनु आवश्यक छ । राष्ट्रिय हित र राष्ट्रिय सुरक्षाका प्रश्न, बाह्य सम्बन्ध सन्चालनका पक्ष, दलिय सोच, मान्यता भन्दामाथि उठेर साझा सोच र मान्यताका साथ अघि बढ्नुपर्दछ ।

हामीले हाम्रो सरकारमाथि पूरा विश्वास राख्नुपर्दछ्य सुरक्षाका प्रश्न, बाह्य सम्बन्ध सन्चालनका पक्ष, दलिय सोच, मान्यता भन्दामाथि उठेर साझा सोच र मान्यताका साथ अघि बढ्नुपर्दछ । छिमेकी राष्ट्रहरुसितको सम्बन्धलाई कहिल्यै पनि सडकमा सदनको राजनीतिक हतियार बन्न दिनु हुँदैन ।

संकिर्ण राष्ट्रवादले देशको भलो गर्न सक्दैन । नेपाल-भारतबीच परस्पर अन्तरनिर्भरता, विश्वास, पारस्परिक लाभमा आधारित बाहेक सम्बन्धको विकल्प छैन । परस्पर विश्वास सहयोग एवं सदभावमा आधारित यस सम्बन्धमाथि शंका गर्नु ठीक होइन । वर्तमान समस्याको पनि शान्तिपुर्ण वार्ताको माध्यमबाट सामाधान खोजिनु पर्दछ ।

> “ *भारतलाई नेपालको भलो चित्ताउने मित्र राष्ट्रको रुपमा मान्नेहरु पनि छन् । यस अन्तर विरोधले जनस्तरमा जुन शिक्षा दिएको छ त्यसको परिणाम हो अहिलेको परिस्थिती । भारतका केही लेखक, मीडियाकर्मी तथा केही राजनीतिकर्मी समेतको अनावश्यक वक्तव्य तथा टिप्पणीले नेपाली जनमानसमा भ्रमको अवस्था सृजना गर्ने गर्दछ । समय-समयमा नेपालमा भारत विरोधी जनमत सृजना हुनुको मुख्य कारण एकपक्षिय बुझाई पनि हो । जबकि दुई देशको मामिलामा सरकारको आधिकारिक प्रतिक्रियाको प्रतिक्षा नै नगरिकन जनस्तरबाट उत्तेजक टिप्पणी आउनुले पनि अनावश्यक विवाद सृजना गर्ने गर्दछ । नेपाल भारतबीच कुटनीतिक सम्बन्ध कायम भएको झण्डै सात दशक बितिसकेको छ । तर यस लामो अवधिलाई हामीले खेर फाल्यौं । यस अवधिमा त संसारका धेरै देश विकसित पनि भइसके । तर हामीले भारतसंगको विश्वासको वातावरण पनि बनाउन सकेनौं । भारतसित नेपालको सम्बन्ध कहिल्यै खराब पनि भएन तर धेरै राम्रो पनि रहेन् ।*

# प्रदेश नं. २ को वर्तमान अवस्था र भावी सम्भावना



सन्दिप कुमार साह

नेपालको संविधान, २०७२ को धारा ५६ को उपधारा १ मा संघीय गण्तन्त्र नेपालको मुल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुनेछ । उक्त संविधानको अनुसूचि ४ मा ७ वटा प्रदेश रहने भनि संवैधानिक व्यवस्था अनुसार प्रदेश नं. २ को स्थापनामिति २०७२ असोज ३ गते संविधान जारी भए पछि भएको हो । प्रदेश नं. २ तराईको आठ वटा जिल्ला सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा गरी कुल ९६६१ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ ।यो नेपालको कुल क्षेत्रफलको ५.७४ प्रतिशत हो । देशको कुल जनसंख्याको २०.४ प्रतिशत जनसंख्या यसै प्रदेशमा रहेको छ । यस प्रदेशको जनघनत्व ५५९ प्रति वर्ग कि.मी. रहेको छ जुन अन्य प्रदेशको तुलनामा अधिक रहेको छ । नेपालको साक्षरता दर ६५.९४प्रतिशत रहेको छ भने यस प्रदेशको साक्षरता दर ४९.५४ प्रतिशत रहेको छ जुन अन्य सबै प्रदेश भन्दा कम रहेको छ । नेपालको निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसंख्या १८.७ प्रतिशत रहेको छ भने यस प्रदेशको १९.८ प्रतिशत रहेको छ ।यस प्रदेशको बहुआयामिक गरिबीको दर ४७.९प्रतिशत रहेको छ जबकि नेपालको २८.६ प्रतिशत मात्र रहेको छ । धनी र गरिब बिचको समानता देखाउने गिनी सूचांक ०.२२ रहेको छ । यस प्रदेशको बेरोजगारी दर २०.१ प्रतिशत रहेको छ भने नेपालको ११.४ प्रतिशत मात्र रहेको छ ।वैदेशिक रोजगारीमा गएका कुल श्रमिकहरूमध्ये यस प्रदेशबाट जाने श्रमिकको संख्या २३.९ प्रतिशत रहेको छ ।यस प्रदेशको मानव विकास सूचांक ०.४२१ रहेको छ ।

देशको कुल वन क्षेत्र मध्ये ३.९९ प्रतिशत र प्रदेशको कुल भूभागको तुलनामा वनको क्षेत्रफल २७.२९ प्रतिशत रहेको छ । प्रदेशको कुल क्षेत्रफल मध्ये १०.५प्रतिशतसंरक्षित क्षेत्रले ओगटेको छ ।वन क्षेत्र र संरक्षित क्षेत्रफलमा यो प्रदेश अन्य प्रदेशको तुलनामा सबैभन्दा पछाडी रहेको छ । नेपालको कुल स्थानीय सडक सञ्जाल ६१३९५ कि.मी. मध्ये ५८७१ कि.मी. सडक (करिब ९.५६प्रतिशत) यस प्रदेशमा रहेको छ ।यस प्रदेशको सडक घनत्व ०.६१ रहेको छ । यस प्रदेशमा निर्माणाधिन ब्रोड गेज रेलमार्ग जयनगर(जनकपुर(बर्दीबास ७० कि.मी. मध्ये ५६ कि.मी. रेलमार्गको निर्माण कार्य सम्पन्न भएको छ ।यस प्रदेशमा जल विद्युत उत्पादन शून्य रहेको छ भने जलविद्युत, खानी तथा खनिज पदार्थको उत्खनन र पर्वतारोहण गर्ने हिमशिखरहरुको सम्भावना पनि रहेको देखिदैन ।यस प्रदेशमा राष्ट्रिय गौरबकाठूला योजनामा निजगढ अन्तराष्ट्रिय विमान स्थल, फास्ट ट्र्याक, हुलाकी राजमार्ग, रेलमार्ग निर्माणाधिन अवस्थामा रहेको छ । कहिले निर्माण सम्पन्न हुने हो त्यसको टुङ्गो छैन ।यस प्रदेशमा तीनवटा विमानस्थल सञ्चालनमा रहेको छ । यस प्रदेशमा सूचना प्रविधिमा ६३ प्रतिशत तथा विद्युतमा ८७.२५ प्रतिशत घरपरिवारको पहुँच रहेको छ । यस प्रदेशको सामाजिक आर्थिक असमनता सूचकांक ०.३८ रहेको छ भने स्थानीय तहको न्यून विकास सूचकांक न्यूनतम् ०.६० देखि ०.७३ सम्म रहेको छ ।

संघीय गणतन्त्र स्थापनाको लागि यो प्रदेश अग्रपंक्तिमा रहेको थियो । संघीयताले यस प्रदेशलाई समृद्ध र समुन्नत बनाउन ठूलो भूमिका खेल्ने अनुमान गरिएको थियो । वि.सं. २०७४ मा पहिलो संघीय निर्वाचन पश्चात प्रदेश सरकारको गठन भएको पनि करिब तीन वर्ष पुरा हुन लागेको छ । यस अवधिमा यस प्रदेशको भूमिका कानुन निर्माणमा सम्मानजनक रहे तापनि विकास निर्माण कार्यमा संतोषजनक रहेको छैन् ।यस प्रदेशको समुचित विकासको लागि प्रथम प्रादेशिक आवधिक योजना समेत जारी भई सकेको छ ।यस प्रदेशको समग्र विकास, आर्थिक वृद्धि, रोजगारी सृजना तथा गरिबी निवारणको लागि प्रदेश सरकारले मुख्यतया निम्न कुरामा विशेष ध्यान दिनु पर्ने देखिन्छ ।

१) कृषिः यस प्रदेशमा समथर भू(भाग, कृषि योग्य जमिनको उपलब्धता रहेकोले व्यवसायिक कृषिमा जोड दिईकृषि क्षेत्रको उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु पर्छ । कृषि उत्पादनको आधारमा हरेक जिल्लामा कृषि पकेट क्षेत्रहरुको विकास तथा विस्तार गरी कृषि क्षेत्रको व्यावसायीकरण, यान्त्रिकीकरण र विविधीकरण गरीरूपान्तरण गर्नु आवश्यक छ । यस प्रदेशमा रहेको कोशी, कमला, रातु, बाग्मती, बकैया नदी लगायत अन्य नदीहरुको बगरमा व्यवसायिक बगर खेतीको थाल्नी तथा विस्तार गर्नु अपरिहार्य रहेको देखिन्छ । कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि उपयुक्त कृषि पूर्वाधारहरुजस्तैः सिंचाइ, सडक, कृषिहाट बजार, शीत घर, शीत भण्डार, गोदाम घर, चिस्यान केन्द्र, संकलन केन्द्र, प्रशोधन केन्द्र, प्रयोगशाला (माटोको उर्बराशक्ति परीक्षण) आदिको विकास तथा विस्तार गर्नुआवश्यक देखिन्छ ।कृषिलाई उत्पादनमुखी बनाउनसहुलियतपूर्ण ऋण, कृषि विमा, मूल्य श्रृंखला, बजारीकरण तथा अध्ययन अनुसन्धानमा जोड दिईकृषि पेशालाई सम्मानजनक, मर्यादित र प्रतिष्ठित बनाईकृषिमा आश्रित परिवारहरुको जीविकोपार्जन तथा गरिबी न्यूनिकरण गर्न रकृषिमा थप रोजगारी सृजना गरी कृषि मार्फत आर्थिक वृद्धि हासिल गर्नुपर्ने देखिन्छ ।

२) औधोगिकीकरणः यस प्रदेशमाबिरगंज र राजविराज गरी दुईवटा औधोगिक क्षेत्र रहेको छ ।यस प्रदेशमा औधोगिक क्षेत्रको अधिक सम्भावना रहेकोले थप नयाँ औधोगिक क्षेत्रको पहिचान, स्थापना, विकास र विस्तार गर्नुआवश्यक रहेको देखिन्छ । कृषिमा आधारित उद्योगधन्दा तथा कलकारखानाको स्थापना र विस्तारमा जोड दिई थप रोजगारी सृजना गरी वैदेशिक रोजगारीबाट फर्केका तथा वैदेशिक रोजागारीमा जाने वाध्यात्मक अवस्थालाई स्थायी रुपमा अन्त्य गर्नु पर्ने देखिन्छ ।

३) शिक्षा तथा स्वास्थ्यःयस प्रदेशको साक्षरता कर्णाली प्रदेश भन्दा पनि कम रहेको छ ।यो आफैमा दुर्भाग्यपूर्ण कुरा हो । विद्यालय शिक्षामा राजनीतिकरण वा राजनीतिक हस्तक्षेपको अन्त्य नभए सम्म यहाको शिक्षा प्रणालीमा अपेक्षित उपलब्धि हासिल हुने छाटकाट देखिदैन् । अझै पनि धेरै बालबालिका विद्यालय शिक्षाबाट बञ्चित रहेको अवस्था कायमै छ । विद्यालय शिक्षामा बालबालिकालाई टिकाई राख्न प्रविधिको प्रयोग अपरिहार्य रहेको देखिन्छ ।महिला साक्षरतामा सुधार ल्याउन छोरी शिक्षा कार्यक्रमलाईप्राथमिकतामा राखी कार्यान्वयनमा ल्याउनु पर्छ । कुनै बेला प्राविधिक शिक्षामा तराई मधेशको बाहुल्यता रहेको थियो । यस प्रदेशमा प्राविधिक तथा व्यवसायिक शिक्षाको विकास तथा विस्तार गरी दक्ष, सक्षम र सबल जनशक्ति उत्पादन गर्ने तर्फध्यान दिनु पर्ने देखिन्छ ।प्राविधिक तथा व्यवसायिक तालिम सञ्चालन गर्नका लागि प्रदेशको छुट्टै तालिम केन्द्रको आवश्यक्ता महसुस हुन थालेको देखिन्छ ।यो प्रदेश स्वास्थ्य सुविधामा पनि अत्यन्तै कमजोर रहेकोले स्वास्थ्य सेवाको विस्तारमा विशेष ध्यान दिनु पर्छ । प्रदेश स्तरमा विभिन्न विशेषज्ञअस्पताल (मुटु क्यान्सर, ट्रमा आदि) तथा प्रयोगशाला निर्माण, स्वास्थ्य सम्बन्धी अध्ययन अनुसन्धान तथा अन्वेषण केन्दहरुको स्थापना तथा विस्तार गर्ने कार्य गर्नु पर्ने देखिन्छ ।प्रत्येक जिल्ला अस्पतालमा भेन्टिलेटर, आई.सी.यू. लगायत अन्य आधुनिक सुविधा सहितको स्तरोन्नति गर्नुपर्छ भने यस प्रदेशको सप्तरी, धनुषा र रौतहटमा विशेष अस्पतालको निर्माण गरी स्वास्थ्य सेवा सहज रुपमा उपलब्ध गराउनु पर्छ ।

४) वन तथा पर्यटनःयस प्रदेशमा देश के सबैभन्दा कम वन क्षेत्र भएकोले वन विहिन वा उजाड क्षेत्रमा वृक्षारोपण गर्नविलम्वगर्नु हुदैन । यस प्रदेशलाई जीवन्त राख्न तथा मरुभूमिकरण हुनबाट रोक्नका लागि चुरे क्षेत्रको संरक्षणलाई पहिलो प्राथमिकतामा राख्नु पर्छ । यस प्रदेशमा रहेको राष्ट्रिय निकुञ्जहरूमा विदेशी पर्यटकलाईकेन्द्रित गर्ने हिसाबले पूर्वाधार विकास गर्नु पर्छ ।नेपाल भारतको खुल्ला सिमाना भएकोले भारतीय पर्यटकलाई लक्षित गरी प्रदेशको हरेक जिल्ला कम्तीमा पनि एक एक वटा पर्यटकिय क्षेत्रको पहिचान तथा विकास गर्नु अपरिहार्य रहेको देखिन्छ । सप्तरीकोछिन्नमस्ता मन्दिर, धनुषाको जानकी मन्दिर, रौतहटको नुनथर, बाराको सिम्रौनगढ र गढीमाई मन्दिर लगायत अन्य सम्पदाहरुको विकास र स्तरोन्नति गरी धार्मिक तथा पर्यटकीय नगरको रुपमा स्थापित गर्नु पर्ने देखिन्छ । यसले यस प्रदेशमा पर्यटकको आगमनमा वृद्धि भईयस क्षेत्रमा समेत थप रोजगारीको सृजना हुनेछ ।

५) युवा तथा रोजगारीःयस प्रदेशका युवाहरुलाई रोजगारीको सुनिश्चितता गर्नप्रदेश रोजगार कोषको स्थापनागरी वैदेशिक रोजगारीबाट फर्केका, वैदेशिक रोजगारीमा जान बाध्य भएका तथा स्वरोजगार हुन चाहने युवाहरुलाई व्यवसायिक योजनाको आधारमा प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सहुलियत पूर्ण ऋण सुविधा उपलब्ध गराउनु पर्छ । थप रोजगारीका अवसरहरु सृजना गर्नबजारको मागको आधारमास्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार युवाहरुलाई लक्षित गरीविभिन्न किसिमका प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगारमूलक तालिमहरुको माध्यमबाट दक्ष जनशक्ति तयार गरी बजारको मागलाई सजिलै पूर्ति गर्नु पर्ने आजको आवश्यक्ता रहेको छ ।

६) पूर्वाधार विकासःप्रदेश सरकारले प्रदेश भित्र निर्माण गरिने विभिन्न बाटो घाटो, सडक लगायत अन्य पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड अविलम्व निर्धारण गरी प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने योजनाको दोहोरोपनाको अन्त्य गर्नु पर्ने देखिन्छ । यस प्रदेश भित्रकोआठ वटै जिल्लालाई जोड्ने गरी महेन्द्र राजमार्ग र हुलाकी राजमार्गको ठिक बिच भाग भएर प्रादेशिक लोक मार्गको निर्माण गर्ने नीति अंगिकार गर्नु पर्छ । यो प्रदेश बाढीको उच्च जोखिममा रहेकोले यस प्रदेशमा बग्ने विभिन्न साना ठूला नदीहरुको बाँधलाई संरक्षण तथा नदी नियन्त्रण गर्नु पर्ने देखिन्छ । यसबाट वार्षिक अर्बौ मूल्य बराबरको हुने कृषि तथा धनमालको क्षतिमा कमी आउँछ । यस प्रदेशमा जल विद्युतको सम्भावना नरहेकोले सौर्य उर्जाबाट विद्युत उत्पादन गर्ने तर्फ ध्यान दिनु पर्छ ।कृषि उत्पादन बढाउन सिंचाई सुविधाको विस्तार, मर्मत सम्भार गर्ने तथा सिंचाईका अन्य वैकल्पिक साधनहरु सहज रुपमा उपलब्ध गराउने व्यवस्था गर्नु पर्छ ।

७) विद्युतीय शासनःक्षेत्रफलको हिसाबले सबैभन्दा सानो रहेको यस प्रदेशमा जनसंख्या अधिक भएकोले जनघनत्व बढी हुनु स्वाभाविक नै हो । यस प्रदेशमा असमानता र विभेद कायमै रहेको, गरिबी तथा बेरोजगारी दर उच्च भएको तथा करिब एक चौथाई युवाहरु वैदेशिक रोजगारीमा रहेको छ । यस प्रदेशका करिब दुई तिहाई घरपरिवारको सुचना प्रविधिमा पहुँच रहेकोले सार्वजनिक सेवा प्रवाहलाई चुस्त दुरुस्त, प्रभावकारी, मितव्ययी तथा पारदर्शी बनाउन विधुतीय शासनकोविकास, विस्तार तथा सञ्चालन गर्नुपर्ने देखिन्छ । यसको परिणाम स्वरुप संघीय, प्रादेशिक तथा स्थानीय तहका निकायहरू, सरकार(नागरिक र सरकार(उद्योगी व्यवसायीहरुको सूचनातथा सेवाहरूमा सहज पहुँच कायम भई बिचौलिया, घुसखोरी, अनियमितता, भ्रष्टाचार तथा प्रक्रियागत झन्झटको अन्त्य भई सरकार र सेवाग्राही बिच कुशल सम्बन्ध स्थापित भई सर्वसाधारणको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुग्नेछ ।

अन्त्यमा, यस प्रदेशमा प्राकृतिक स्रोतको प्रचुर सम्भावना रहे तापनि यो प्रदेश प्रायः हरेक तथ्य तथ्यांकमा पछि रहेको कुरा विभिन्न अध्ययन अनुसन्धानले देखाउँदै आएको छ । विकासका हरेक कुराको मापन तथ्यांकले नै हुने गर्दछ । यस प्रदेशलाई समुन्नत र समृद्ध प्रदेशको रुपमा विकास गर्न प्रदेश भित्र सम्भावना भएका अन्य क्षेत्रहरुमा समेत थप अध्ययन अनुसन्धान गरी समय मै नीति, योजना, कार्यक्रम मार्फतलगानी गर्नु पर्ने देखिन्छ ।

## क्षमायाचना

जनकपुर टुडेको मिति २०७७ जेठ १६ गते शुक्रवारको अंकको पृष्ठ ४ को माथिल्लो लेखमा भूलवस असान्दर्भिक तस्बरी पर्न गएकाले त्यसबाट पर्न गएको असुविधाका लागि क्षमाप्रार्थी छु । सं.

# बजेट सटिक र सान्दर्भिक : सांसद

काठमाण्डु । राष्ट्रियसभाको बैठकमा सरकारको आगामी आर्थिक वर्षको राजश्व र व्ययको वार्षिक अनुमानमाथि छलफल शुरु भएको छ । आइतबारको बैठकमा अर्थमन्त्री डा युवराज खतिवडाले राजश्व र व्ययको वार्षिक अनुमानमाथि छलफल प्रारम्भ गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्नुभएको थियो ।

छलफलमा सत्तारुढ सांसदले अहिलेको आवश्यकतालाई प्राथमिकता दिएर बजेट आएको बताउनुभयो । यसैगरी प्रतिपक्षी दलका सांसदले बजेटले प्राथमिकता र आवश्यकताका विषयलाई समेट्न नसकेको टिप्पणी गर्नुभयो । यही जेठ १५ गते सङ्घीय संसद्को संयुक्त बैठकमा अर्थमन्त्री डा खतिवडाले आगामी आव २०७७/७८ का लागि १४ खर्ब ७४ अर्ब ६४ करोडको बजेट प्रस्तुत गर्नुभएको थियो ।



छलफलमा भाग लिँदै नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का सांसद नारायणकाजी श्रेष्ठले राष्ट्रिय आवश्यकतालाई मध्यनजर गरी सरकारले ल्याइएको बजेट सटिक र सान्दर्भिक रहेको बताउनुभएको छ । उहाँले कोभिड-१९ पछिको अर्थतन्त्रलाई गतिशील बनाउने गरी बजेटले अहिलेको असामान्य परिस्थितको सम्बोधन गरेको बताउनुभयो ।

स्वास्थ्य क्षेत्रमा ३२ प्रतिशत बजेट बृद्धि गरी स्वास्थ्य पूर्वाधार र जनशक्ति व्यवस्थापनजस्ता कामलाई प्राथमिकता दिनु निकै सकारात्मक भएको उहाँले उल्लेख गर्नुभयो । उहाँले तीन वर्षभित्र सबै नेपालीलाई स्वास्थ्य बीमाको दायरामा ल्याउने र सबै प्रदेशमा सुविधासम्पन्न अत्याधुनिक अस्पताल सञ्चालन गर्नेजस्ता राम्रा कार्यक्रम बजेटमा समेटिएको छ भन्नुभयो ।

नेकपाका प्रवक्ता समेत रहनुभएका सांसद श्रेष्ठले रोजगारी सिर्जना तथा उत्पादन अभिवृद्धि गरी सामाजिक न्यायसहितको समाजवाद निर्माण गर्ने सिद्धान्तसहित बजेट आएको उल्लेख गर्नुभयो । रासस

# परीक्षणको दायरा बढाउन माग

काठमाण्डु । सरुवा रोग विशेषज्ञहरूले काठमाण्डु उपत्यकामा कोभिड-१९ को जोखिम हुन नदिन थप परीक्षणको दायरा बढाउन माग गरेका छन् ।

जनघनत्व र चहल पहलले सङ्क्रमणको सम्भावित जाखिम बढाउने हुँदा थप परीक्षण बढाउन आवश्यक रहेको सरुवा रोग विशेषज्ञ डा अनुप सुवेदीले रासससितको कुराकानीमा बताउनुहुन्छ ।

उहाँका अनुसार कोरोना भाइरस काठमाण्डु उपत्यकामा आयातित हो भन्ने अवस्था अब छैन । गत जेठ पहिलो साता एकजना सुत्केरीको मृत्युलाई आधार मान्दै अब कोरोना भाइरसको काठमाण्डुमा नै सङ्क्रमण छ भन्न सकिन्छ ।

"बाहिरबाट आएका मानिसलाई मात्रै परीक्षण गर्ने होइन, मानिसको बढी जनघनत्व भएको स्थानमा पनि तत्काल परीक्षण गर्न आवश्यक छ । " उहाँले भन्नुभयो ।

सरुवा रोग विशेषज्ञ डा अनुप बाँस्तोला काठमाण्डु उपत्यका प्रवेश गर्ने सबै नाकामा अत्यावश्यकबाहेक सबै सवारी आवागनमा रोक लगाई थप कडा गर्नुपर्ने बताउनुहुन्छ । लुकीछिपी अझै पनि मानिस बाहिरबाट आउने क्रम रहेको हुँदा त्यसलाई तत्काल रोकी आएकालाई परीक्षणको दायरामा ल्याउन उहाँ सुझाव दिनुहुन्छ ।

स्थानीय तहले पनि सम्भावित स्थानमा परीक्षणको दायरा बढाउन आवश्यक छ । कुनै एक स्थानमा परीक्षण गरी बस्ने अवस्था नभएको पनि उहाँको भनाइ छ । काठमाण्डु उपत्यकामा हालसम्म पनि क्वारेन्टिन सञ्चालन गरिएको छैन ।रासस

# सदनमा संविधान संशोधन विधेयक पेश

काठमाण्डु । प्रतिनिधिसभाको बैठकमा नेपालको संविधान दोस्रो संशोधन विधेयक पेश भएको छ । नेपालको अद्यावधिक नक्सा संविधानको अनुसूची (निशान छाप) मा समावेश गर्न सो विधेयक पेश भएको हो ।

आइतबारको बैठकमा कानून, न्याय तथा संसदीय मामिलामन्त्री डा शिवमाया तुम्बाहाङ्फेले 'नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७' पेश गर्नुभयो । सरकारले हाले जारी गरेको नेपालको नयाँ नक्साअनुसार नेपालको संविधानको अनुसूची-३ मा रहेको नेपालको निशान छापभित्र अङ्कित नेपालको नक्सालाई नेपालको वास्तविक सीमाअनुरुप मिलाउनका लागि यही जेठ ९ गते सङ्घीय संसद्मा 'नेपालको संविधान (दोस्रो संशोधन), २०७७' विधेयक दर्ता गराएको थियो । भारतले अतिक्रमण गरेको लिम्पियाधुरा, लिपुलेक, कालापानीसहितको भूभाग समेटेर राजनीतिक र प्रशासनिक नक्सा सार्वजनिक गरेपछि सरकारले संविधानको अनुसूची पनि संशोधन गर्ने प्रक्रिया अघि बढाएको थियो । प्रस्ताव पेश गर्नुअघि कानूनमन्त्री डा तुम्बाहाङ्फेले सो विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्नुभएको थियो ।



प्रधानमन्त्री केपी शर्मा ओलीले यही जेठ १३ गते संसद्मा रहेका पार्टीका नेताहरूबीच सर्वदलीय बैठक आयोजना गरी राष्ट्रिय अखण्डता र सार्वभौमसत्ताका विषयमा सबै राजनीतिक दललाई एकताबद्धरूपमा प्रस्तुत हुन र संविधान संशोधनको पक्षमा उभिन आग्रह गर्नुभएको थियो ।

प्रमुख प्रतिपक्षी नेपाली काँग्रेसले सरकारद्वारा प्रस्तुत संविधान संशोधन प्रस्तावका पक्षमा मतदान गर्ने निर्णय गरिसकेको छ ।

काँग्रेस केन्द्रीय कार्यसमितिको बैठकले सरकारद्वारा प्रस्तुत संविधान संशोधन प्रस्तावका पक्षमा मतदान गर्न पार्टीको संसदीय दललाई निर्देश गर्ने निर्णय गरेको थियो । रासस

# बजेटले राष्ट्रिय समस्यालाई हल गर्न सक्दैन : पूर्वप्रधानमन्त्री भट्टराई

काठमाण्डु । पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले बजेटलाई सत्तारुढ दलले असाध्यै राम्रो भनेर समर्थन गर्ने र विपक्षीले आँखा चिम्लेर विरोध गर्ने प्रवृत्तिले मुलुकको वास्तविक हित नगर्ने हुँदा तथ्यमा आधारित रहेर बजेटमा बहस गर्नुपर्ने आवश्यकता औँल्याउनुभएको छ ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा आर्थिक वर्ष २०७७/७८ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफलमा भाग लिँदै उहाँले बजेट परम्परागत तवरले आएकाले राष्ट्रिय समस्याको समाधान हुन नसक्ने बताउनुभयो ।

राष्ट्रिय औद्योगिक पूँजीवादको पक्षपोषण गर्दै समाजवादको आधार तयार गर्ने मूल्य र मान्यतालाई बजेटले ध्यान दिन नसकेको तर्क गर्दै उहाँले सबै क्षेत्र बजारलाई छाड्ने र सबै विषय राज्यले नै केन्द्रीकृत गर्ने भन्ने विषय आफैँमा नमिल्दो रहेको उल्लेख गर्नुभयो ।

सङ्घीय समाजवादी पार्टीका नेता समेत रहनुभएका उहाँले नेपाल बाह्य सहयोगमा नै चल्नुपर्ने अवस्थामा रहेको, आन्तरिक राजश्वले खर्च नै धान्न नसक्ने अवस्थामा पुगेको, विकास खर्च बढ्न नसकेको र ऋण भुक्तानीमा समेत सुधार हुन नसकेको स्पष्ट पार्नुभयो ।

वित्तीय सङ्घीयता कार्यान्वयनमा समेत सरकारले ध्यान दिन नसकेको र स्रोतको विनियोजनमा समेत कन्जुस्याइँ गरेको उहाँले जनाउँदै सङ्घीयतालाई बलियो बनाउनेतर्फ ख्याल नगरिएको आरोप लगाउनुभयो ।

स्वास्थ्य क्षेत्रमा न्यूनतम १० प्रतिशत लगानी गर्नुपर्ने भए पनि त्यसतर्फ ध्यान नदिइएको, निजी क्षेत्रलाई स्वास्थ्यमा व्यापार गर्न दिन नहुने र राज्यले हस्तक्षेप गर्नुपर्ने उहाँले तर्क गर्नुभयो ।

उहाँले कोरोनाले पारेको प्रभाव न्यूनीकरणका लागि तत्कालीन र दीर्घकालीन राहतको प्याकेज ल्याउनुपर्ने र विदेशबाट फर्किएकालाई उचित



तवरले काम दिनेतर्फ ध्यान सुझाव दिनुभयो ।

उहाँले राहतका लागि एकीकृत ढङ्गले काम गर्नुपर्ने र स्थानीय तहले नै राहत दिनका लागि तथ्याङ्क तयार पारेर न्यूनतम १० लाख गरिब जनतालाई मासिक रु पाँच हजारका दरले नगद नै दिने व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो ।

सम्पत्तिको अभिलेखीकरण गरेर कर लगाउनुपर्ने, जमिन बाँझो राख्नेलाई कानूनी दायरामा ल्याउनुपर्ने र सबैको अभिलेखीकरण गर्न सकिए राजश्वको स्रोत बढ्न सक्ने उहाँको भनाइ छ ।

पूर्वाधार क्षेत्रको विकासमा विशेष ध्यान दिन आग्रह गर्दै उहाँले सङ्घीय सरकारले योजना र नीति दिएर प्रदेशलाई सवल र सक्षम बनाउन लाग्नुपर्ने तथा द्रुतमार्ग निर्माण गरेर काठमाडौँमा नै थप शहर बनाउने विषय ग्राह्य नभएको बताउनुभयो । उहाँले प्रशासनिक क्षेत्रमा उल्लेख्य सुधार गरेर केन्द्रमा कर्मचारीको सङ्ख्या घटाउन तथा सेना प्रहरीलाई थप सवल बनाउन लाग्नुपर्छ भन्नुभयो ।रासस

# तीन तहबीच समन्वय आवश्यक : मुख्यमन्त्री गुरुङ

पोखरा । गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले समृद्धिका लागि तीनवटै तहबीच समन्वय आवश्यक भएको बताउनुभएको छ ।

गण्डकी प्रदेश नीति तथा योजना आयोगद्वारा तयार गरिएको प्रथम पञ्चवर्षीय योजनाको पुस्तक आइतबार यहाँ लोकार्पण गर्दै उहाँले तीनवटै सरकार एकताबद्ध हुँदै अघि बढ्न सकेको अवस्थामा जनताका अपेक्षा पूरा गर्ने गरी समृद्धि र विकासमा अघि बढ्न सकिन्छ भन्नुभयो ।

आयोगले तयार गरेको प्रथम पञ्चवर्षीय योजनालाई आधारका रूपमा लिँदै आगामी वर्षका नीति तथा कार्यक्रम र बजेट ल्याउने तयारी भइरहेको जानकारी




दिँदै आयोगका अध्यक्षसमेत रहनुभएका उहाँले समृद्ध प्रदेश र सुखी प्रदेशवासीको लक्ष्य प्राप्तिका लागि सरकार क्रियाशील बन्ने उल्लेख गर्नुभयो । सङ्घ सरकारले ल्याएको आर्थिक वर्ष २०७७/७८ बजेमा आएको चालू खर्चबाट जनअपेक्षा पूरा गर्न नसकिने बताउँदै उहाँले फजुल खर्च कटौती गरी विकासतर्फ बढाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

योजनामा गण्डकी प्रदेशको समग्र विकासका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन लक्ष्यसहित समृद्धि र सुखका मुख्य सूचक निर्धारण गरिएको उहाँले बताउनुभयो ।

"प्रदेशमा उत्पादन र उत्पादकत्व वृद्धि गरी वार्षिक औषत १० प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने र विकसित राष्ट्रसरहको उच्च आय भएको समृद्ध प्रदेश निर्माण गर्ने लक्ष्यसहित यो योजना तयार गरेका छौँ", उहाँले भन्नुभयो ।

प्रदेशको आर्थिक समृद्धिको मुख्य आधार पर्यटन र कृषि भएको उल्लेख गर्दै उहाँले पर्यटनलाई स्थानीय उत्पादनसँग जोड्नु आवश्यक भएकामा जोड दिनुभयो । जलाशययुक्त जलविद्युत् आयोजनालाई प्राथमिकता दिनुपर्ने औँल्याउँदै उहाँले यससँगै ठूला उद्योग स्थापनामा पनि जोड दिइने उल्लेख गर्नुभयो ।रासस

प्रदेश सरकार
समाजिक विकास मन्त्राल
प्रादेशिक अस्पताल
प्रदेश नं. २
जनकपुरधाम, धनुषा

## शव वाहन, र एम्बुलेन्स खरिद सम्बन्धी प्राबिधिक र आर्थिक प्रस्तावको सूचना

प्रथम पटक प्रकाशित मिति :२०७७/०२/१९

यस प्रादेशिक अस्पताल, प्रदेश नं. २, जनकपुरधाममा कोभिड १९ विषेश अस्पतालमा उपचारको लागि आवश्यक तपसिलमा उल्लेखित एम्बुलेन्स र शव बाहन सार्वजनिक खरिद ऐन २०६३ को नियम ६६ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ को अवस्थामा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ख अनुसार क्याटलग सपिंग विधिबाट खरिद गर्नु पर्ने भएकोले इच्छुक मु.अ. करमा दर्ता भएका सम्बन्धित कार्यका लागि सम्बन्धित निकायमा रजिष्टर्ड फर्म/कम्पनी/अधिकारिक बिक्रेता (डिलर/सुपर डिलर) हरुबाट आवश्यक कागजात सहित यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको उत्पादनको आधिकारिक स्पेसिफिकेशन, गुणस्तर, मुल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखि बिक्री प्रस्ताव पेश गर्न यो क्याटलग सपिंगको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि यस अस्पतालको आर्थिक प्रशासन शाखामा (९८५४०२३१८३) सम्पर्क गर्न सकिनेछ ।

१. बिक्री प्रस्तावमा आफुले सप्लाई गर्ने सामानहरुको उल्लेखित इकाईका दररेट अंक र अक्षरमा स्पष्ट संग बुझिने गरि लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेको खण्डमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
२. म्याद नाघी आएका तथा रितपुर्वक नभएका बिक्री प्रस्ताव खरिद प्रकृयामा समावेश गरिने छैन ।
३. कारण जनाई वा नजनाई बिक्री प्रस्ताव रद्द गर्ने वा घट्टी/बढीवालाको खरिद प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस अस्पतालमा निहित रहनेछ ।
४. यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र नभएका कुराहरु प्रचलित ऐन नियम, कानुन बमोजिम हुनेछ ।
५. माथि जुनसुकै कुरा लेखिएको भए तापनि माथि लेखिएका अवस्था बाहेकका विषेश परिस्थिति आई परेमा यस अस्पतालले गरेको निर्णय अन्तिम हुनेछ ।

तपसिल

| सि.नं. | प्याकेज नं. | विवरण | फाराम दस्तुर | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | PH/Notice/076/077/5 | Ambulance 4wd | | | |
| २ | PH/Notice/076/077/6 | Sab Bahan | | | |

नि.प्र.मे.सु.

मिथिलाबिहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तारापट्टी, धनुषा
प्रदेश नं. २, नेपाल

## क्याटलग/ब्रोसर सपिङ्ग विधिबाट सवारी साधनहरू खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७७/०२/१९

यस कार्यालयको आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय वमोजिमको सवारी साधन सार्वजनिक खरिद ऐन (२०६३ पहिलो संशोधन २०७३) को दफा ८ को उपदफा १ (क)(८) तथा सार्वजनिक खरिद नियमावली २०६४ (चौथो संशोधन) को नियम ३१ (ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सो को नेपालका लागि अधिकारिक विक्रेताहरु बिचमात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहायबमोजिम सवारी साधनको उत्पादकको अधिकारिक स्पेशिफिकेशन, गुणस्तर र कम्पनीको आधिकारिक मुल्यखुल्ने कागजात (क्याटलग वा ब्रोसर) संलग्न राखि तपसिलमा उल्लेख भए बमोजिमको प्रस्तावदर्ता गराउनुहुन सम्बन्धित उत्पादक वा आधिकारिकि विक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१) यस कार्यालयबाट स्वीकृत सवारी साधनको विस्तृत प्राविधिक स्पेशिफिकेशन यस कार्यालयबाट निशुल्क प्राप्त गर्न सकिने छ ।
२) उक्त कागजात लिनका लागि ईच्छुक सवारी साधन उत्पादक कम्पनी वा सो को नेपालका लागि अधिकारिक बिक्रेताले उक्त सवारी साधन बिक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्तभएको अनुमतिपत्र, सो को अद्यावधिक नविकरण भएको पत्र, स्थायी लेखानम्बर (PAN) तथा मुल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७५/०७६ सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात, उक्त सवारी सप्लाई गरेको हालसम्मको विस्तृत विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाणपत्र सहितका कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन १२ बजेसम्म यस कार्यालयमा उपस्थित हुनुपर्नेछ ।
३) यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन १२ बजेसम्म यस कार्यालयमा सिलबन्दी प्रस्तावदर्ता गराउन सकिने छ । तथा दार्ता गरिएका सिलबन्दी प्रस्तावहरु सोहीदिन १४:०० बजे खोलिनेछ ।
४) साथै सुचिकृत नभएका उत्पादक वा अधिकारिक विक्रेता कम्पनीहरुले सूचिकृत गराई उक्तसिलबन्दी प्रस्ताव पेश गर्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।
५) पेश गर्ने अन्तिमदिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिन पेश गर्न सकिने छ ।

| सि.नं. | साधनको नाम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १ | पिकअप | Double Cab Right hand 4 Wheel Drive pic-up, Maximum rated power output not less than 140 HP and maximum torque should not be less than 320 N-m | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्विकृत Technical specification बमोजिमहुनेछ । |
| २ | एम्बुलेन्स | Hard Top Jeep Ambulance, 4 WHEEL DRIVE, Maximum rated power output not less than 45 kw at governed RPM and Maximum torque not less than 110 NM | |

प्रमुख प्रशासकिय अधिकृत

# अमेरिकाका दर्जनौं शहरमा प्रदर्शनहरू हिंसात्मक भएसँगै निषेधाज्ञा घोषणा

एएफपी

मिनियापोलिस । संयुक्तराज्य अमेरिकाका प्रमुख शहरहरूमा प्रहरी दमनको बिरोधमा शनिबार विरोध प्रदर्शन तिब्र भएसँगै निषेधाज्ञा (कर्फ्यू) लगाइएको छ । प्रदर्शनकारीहरूले राष्ट्रपति डोनाल्ड ट्रम्पको चेतावनीलाई पनि बेवास्ता गरी सडकमा उत्रिएका थिए ।



अशान्तिको केन्द्रबिन्दु बनेको मिनियापोलिसमा लगातार पाँचौं दिन हिंसा फैलिएको छ । भीड नियन्त्रण गर्न खटाइएका दङ्गा प्रहरीले अश्रुग्यास र हवाई फायर गरेका थिए । गत सोमबार एक निहत्था अश्वेत व्यक्तिमाथि गोरा प्रहरीले अमानवीय ढङ्गबाट हत्या गरेको भन्दै हिंसा भड्किएको हो ।

लस एन्जलस, शिकागो र एटलान्टा समेतका दुई दर्जन शहरमा मानिसहरूलाई स्थानीय प्रशासनले निषेधाज्ञा घोषणा गरी रातभरि घरमै बस्न आदेश दिएको थियो । यहाँ नेसनल गार्डका सैनिकलाई पनि तैनाथ गरिएको थियो जुन अमेरिकी इतिहासमा बिरलै देख्न सकिने घटना हो ।

सियाटलदेखि न्यूयोर्कसम्म दशौं हजार प्रदर्शनकारी सडकमा उत्रिएका थिए । उनीहरूको एकमात्र माग थियो, अश्वेत युवा जर्ज फ्लोएडका हत्या आरोपी प्रहरीलाई कडाभन्दा कडा सजाय होस् र घटनामा संलग्न अरू प्रहरीलाई पनि गिरफ्तार गरियोस् ।

मिनियापोलिसका पुलिस अधिकृत डेरेक चौभिनले जर्ज फ्लोएडलाई ८ मिनेटसम्म घाँटीमा घुँडाले थिचेको हृदयबिदारक दृश्य सार्वजनिक भएपछि हिंसा भड्किएको हो । सास फेर्न छाडेपछि पनि चौभिनले झण्डै ३ मिनेटसम्म फ्लोएडको घाँटी थिचेको आरोप छ ।

लस एन्जलसमा उग्र प्रदर्शनकारीले प्रहरीको गाडीमा आगो लगाएपछि प्रहरीले उनीहरूलाई तितरबितर गर्न रबरको गोली र लाठीचार्ज गरेका थिए ।

शिकागो र न्यूयोर्क लगायतका धेरैवटा शहरमा प्रहरी र प्रदर्शनकारीबीच झडप भएका थिए । फिलाडेल्फियामा प्रदर्शनकारीले पसलका झ्यालहरूमा ढुँगामुडा गरेर तोडफोड गरेका थिए ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मिनियापोलिसमा भएका लुटपाट र आगजनीका लागि अति दक्षिणपन्थी समूह सक्रिय रहेको आरोप लगाउनुभएको छ । प्रदर्शनकारीहरूले फ्लोयडको स्मृतिलाई पनि अनादर गरेको ट्रम्पले बताउनुभयो ।

राष्ट्रपतिले भन्नुभयो, "हामीले एउटा अराजक सानो समूहलाई हाम्रा शहरहरू तोडफोड गर्ने छुट दिनु हुँदैन । मेरो प्रशासनले भीडको हिंसा रोक्नेछ । र हामीले यसलाई निर्मम ढंगबाट रोक्नुको विकल्प छैन ।"

अमेरिकी सीमा नाघेर प्रदर्शन क्यानाडाको टोरन्टो पनि पुगेको छ । प्रदर्शनकारीहरूले "अश्वेतको जीवनको महत्व छ", "म सास फेर्न सक्दिन" भन्ने जस्ता नारा अमेरिकादेखि क्यानाडासम्म लागेको छ । जर्ज फ्लोयडका भनाईहरू अहिले प्रहरी क्रुरताको नयाँ प्रतीक बनेका छन् ।

मिनेसोटाका गभर्नर टिम वाल्जले मिनियापोलिस सेन्टपल क्षेत्रमा प्रदर्शनकारीहरूलाई नियन्त्रणमा लिन १३,००० शक्तिशाली राष्ट्रिय गार्ड (अर्धसैनिक प्रहरी) परिचालन गरिएको बताउनुभएको छ ।

मिनियापोलिसतर्फ जाने सबै प्रमुख राजमार्गहरूमा शनिबार राति सैनिक हेलिकप्टरहरूले आकाशबाट गस्ती गरेका थिए ।

यसैबीच, अमेरिकी पूर्व उपराष्ट्रपति जो बाइडेनले संयुक्तराज्य अमेरिकाभर जारी जातीय प्रदर्शनसँगै भएको हिंसात्मक घटनाको निन्दा एवं भर्त्सना गर्नु भएको छ । तर उहाँले अन्यायका विरुद्धमा आवाज उठाउने अमेरिकीहरूको अधिकार भएको बताउनुभएको छ ।

"यस्तो क्रुरताको विरुद्धमा प्रदर्शन गर्न अधिकार र आवश्यक दुबै हो । तर आगजनी र अनावश्यक तोडफोड जरुरी होइन । मानिसको जीवनलाई खतरामा लैजाने हिंसा हामीले चाहेको होइन । मानिसको जीवनमा अत्यावश्यक व्यवसाय बन्द हुने हिंसा अक्षम्य हो ।" उहाँले एक विज्ञप्ति प्रकाशित गरी भन्नुभएको छ ।

# कोरोनाभाइरस संक्रमितको संख्या ६० लाख बढी, लकडाउन खोल्न सबैतिर हतारो

एएफपी

ब्रासिलिया । विश्वभर महामारीका रूपमा फैलिएको कोरोनाभाइरसबाट आइतबारसम्म ६० लाखभन्दा बढी मानिस संक्रमित भएका छन् । पछिल्लो पटक ब्राजिलमा दैनिक संक्रमितको संख्या निकै बढी देखिएको छ ।



दक्षिण अमेरिकी मुलुकहरूमा आउँदो सप्ताह पनि निकै सकसपूर्ण हुने अनुमान गरिएको छ । कोरोनाभाइरस संक्रमितको संख्या वा मृत्यु हुने व्यक्तिको संख्यामा कमी आउने कुनै लक्षण देखिएका छैनन् । खासगरी ब्राजिलमा राष्ट्रपति जेयर बोल्सोनारो र अरू प्रमुख नेताहरूबीच नै भाइरसलाई लिएर मतभिन्नता कायमै छ ।

ब्राजिलमा संयुक्तराज्य अमेरिकापछि सबैभन्दा बढी कोरोनाभाइरस संक्रमित छन् । यहाँ संक्रमितको संख्या पाँच लाख नाघिसकेको छ भने मृत्यु हुने व्यक्तिको संख्या ३० हजार पुग्न लागेको छ । कोरोना प्रसार रोक्न जारी लकडाउन यथावत राख्ने वा हटाउने भन्नेमा नेताहरूबीच मतैक्य हुन सकेको छैन ।

राष्ट्रपति जेयर बोल्सोनारोको विचारमा लकडाउनबाट अर्थतन्त्रमा पुग्ने असर भाइरसभन्दा खतरनाक हुनेछ । उहाँले मुलुकका गभर्नर र मेयरहरूलाई लकडाउनको विकल्प खोज्न निरन्तर आग्रह गरिरहनु भएको छ ।

विश्वभर कोरोनाका कारण तीन लाख ६८ हजारभन्दा बढी व्यक्तिको मृत्यु भएसँगै संयुक्तराज्य अमेरिका, युरोप र एसियाका धेरै मुलुकले लकडाउन हटाउने वा जनजीवनलाई खुकुलो बनाउनेतिर ध्यान दिन थालेका छन् ।

युरोपेली युनियनले एक विज्ञप्ति प्रकाशन गरी देशहरूबीच थप सहयोग बढाई सामूहिक समाधान खोज्न आग्रह गरेको छ । जर्मनीका स्वास्थ्य मन्त्री हेन्स स्पाहनले विश्व स्वास्थ्य संगठनको सहयोग कटौती गर्ने अमेरिकी प्रशासनको निर्णय निकै निराशाजनक रहेको प्रतिक्रिया दिनु भएको छ । यसैबीच राष्ट्रपति ट्रम्पले ह्वाइट हाउसमा अर्को महिनाका लागि डाक्नु भएको जी७ को बैठकमा जर्मन चान्सलर एन्जेला मर्केल सहभागी नहुने घोषणाले पनि विश्व जनमत अझै विभाजित रहेको देखाउँछ ।

कोरोनाभाइरसको प्रसार रोक्ने प्रयासस्वरूप जारी लकडाउनले जनजीवन र अर्थव्यवस्था तहसनहस हुन लागेको भन्दै धेरै मुलुकले लकडाउनलाई खुकुलो बनाउन थालेका छन् । केही विज्ञहरूले लकडाउन खोल्नासाथ दोस्रो चरणको भाइरस प्रसार हुने खतरा औंल्याएका छन् ।

सोमबार लकडाउन हटाउने तयारी गरेको बेलायतमा सरकारका वरिष्ट सल्लाहकारहरूले लकडाउन खोल्न हतारिनु नहुने प्रतिक्रिया दिएका छन् । कोरोनाभाइरसका संक्रमितको संख्या डरलाग्दो गरी बढेको देखिए पनि भारतले शनिबार आगामी जुनको पहिलो सातासम्ममा लकडाउन खोल्नेगरी तयारी गरेको घोषणा गरेको छ ।

इरानमा पनि मस्जिदहरूमा सामूहिक प्रार्थनाका लागि खुला गर्न सकिने घोषणा गरेको छ । जेरुसेलमको अल-अक्सा मस्जिदको परिसर पनि प्रार्थनाका लागि आइतबार पुनः खुला गरिएको छ ।

संयुक्तराज्य अमेरिकी राजधानी वासिङ्टनमा रेस्टुराँहरू खुल्न थालेका छन् भने लस एन्जलसमा पनि रेस्टुराँ र सैलुनहरू खुलेका छन् ।

करिब २१ हजार ५०० व्यक्तिको मृत्यु भएको न्यूयोर्क शहर अगामी जुन ८ तारिखदेखि खुला हुँदैछ । अमेरिकामा कोरोनाभाइरसबाट एक लाख ३ हजारभन्दा बढीको मृत्यु भइसकेको छ भने झण्डै १७ लाख मानिस संक्रमित छन् ।

## कम्युनिटी, युनिटी र इम्युनिटीका लागि योगाभ्यास उपयोगी : मोदी

एएफपी

नयाँदिल्ली । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले कम्युनिटी, युनिटी र इम्युनिटी (अर्थात् समुदाय, एकता र शारीरिक क्षमता) का लागि योगाभ्यास अत्यन्त उपयोगी रहेको बताउनु भएको छ ।

कोरोनाभाइरसलाई पराजित गर्न पनि योगाभ्यासको आवश्यकता रहेकोमा उहाँले आइतबार जोड दिनुभयो ।

योगाभ्यासले शारीरको क्षमता बढाउने र क्षमता बढाएमा कोरोनाभाइरसलाई जित्न सकिने भएकाले कोरोना संकटका बेलामा योगाभ्यास अझ उपयोगी र आवश्यक रहेको उहाँको भनाई छ ।

मासिक रेडियो कार्यक्रम "मन की बात"मा बोल्ने क्रममा प्रधानमन्त्री मोदीले योगाभ्यास र आयुर्वेदलाई विश्वभरका नेताहरूले चासो राख्ने गरेको उल्लेख गर्नुभयो ।

"मैले विश्व नेताहरूसँग कुराकानी गर्नेक्रममा योगाभ्यास र आयुर्वेदले कोरोनाभाइरस विरुद्धको उपचारका लागि सहयोग गर्न सक्ने बारेमा चासो राख्ने गर्नुभएको छ," उहाँले भन्नुभयो ।

अन्तर्राष्ट्रिय योग दिवसको पूर्वसन्ध्यामा प्रधानमन्त्री मोदीले योगको महत्व र उपयोगिताका बारेमा चर्चा गर्नुभएको हो । हरेक वर्षको जुन २१ तारिखका दिन विश्वभरी अन्तर्राष्ट्रिय योग दिवस मनाउने गरिएको छ ।

# डब्लुएचओबारे अमेरिकी निर्णयमा पुनः विचार गर्न इयूको आग्रह

एएफपी

ब्रसेल्स । यूरोपेली सङ्घ (इयू) का प्रमुख कार्यकारी अधिकारी तथा उच्च कुटनीतिज्ञले शनिबार एक विज्ञप्ति जारी गरी विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) लाई आफ्नो समूहको सहयोग निरन्तर रहने बताउनुभएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शुक्रबार महममारीका समय डब्लुएचओको भूमिकामाथि प्रश्न गर्दै अमेरिकाले उक्त संस्थालाई दिँदै आएको बजेटलाई अन्यत्र लगानी गर्ने तर विश्व स्वास्थ्य संगठनलाई भने नदिने घोषणा गरेपछि इयूको धारणा सार्वजनिक भएको हो । इयूले अमेरिकालाई डब्लुएचओबारे शुक्रबार सार्वजनिक निर्णयमा पुनःविचार गर्न आग्रह गरेको छ ।

यूरोपेली आयोगका अध्यक्ष उर्सुला भोन देन लेयन र इयूका विदेश तथा सुरक्षा नीति मामिला उच्च प्रतिनिधि जोसेप बोरेलद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "डब्लुएचओले महामारीकोअन्तरराष्ट्रियव्यवस्थापनको जिम्मेवारीलाई अहिले र भविष्यमा पनि निरन्तरता दिनुपर्छ । यसका लागि सबैको सहभागिता र सहयोगको आवश्यकता हुन्छ । विश्वव्यापी सङ्कटबीच अहिले सहकार्यलाई बढाउँदै साझा समाधानको पहल हुनु जरूरी छ । अन्तराष्ट्रिय नतिजालाई कमजोर पार्ने कुनै पनि कार्यलाई रोक्नुपर्छ ।" विज्ञप्तिमा भनिएको छ, "यो अवस्थामा हामीले अमेरिकालाई उसले शुक्रबार सार्वजनिक गरेको निर्णयलाई पुनःविचार गर्नुपर्छ ।"

# इरानबारे पछिल्लो अमेरिकी निर्णयको बेलायत, फ्रान्स, जर्मनीद्वारा आलोचना

एएफपी

लन्डन । इरानसँगको आणविक सम्झौतामा परेका राष्ट्रका कम्पनीको प्रतिबन्ध माफी अन्त्य गर्ने अमेरिकी निर्णयप्रति बेलायत, फ्रान्स र जर्मनीले शनिबार चासो व्यक्त गरेका छन् ।

सन् २०१५ मा तत्कालिन अमेरिकी राष्ट्रपति बाराक ओवामाको नेतृत्वमा तेहरानसँग गरिएको ऐतिहासिक सम्झौतामा भएको हस्ताक्षरले इरानको आणविक महत्वाकांक्षालाई सिमित पार्दै इरानमाथि लगाइएका कडा आर्थिक प्रतिबन्ध हटाउने मार्ग प्रशस्त गरेको थियो ।

सम्झौताले युरोपेली सङ्घ, चीन र रूसका कम्पनीलाई पश्चिमी इरानको प्रमुख औद्योगिक शहर अरकमा 'हेवी वाटर रिएक्टर'को रूपान्तरणमा काम गर्न अनुमति दिएका थिए ।

तीन युरोपेली शक्तिको संयुक्त विज्ञप्तिमा भनिएको छ, "इरानसँगको आणविक सम्झौतासँग सम्बन्धित तीन छुट्टाछुट्टै सम्झौताले ती विश्वका शक्ति राष्ट्रका कम्पनीलाई सञ्चालन गर्न दिने सहमति भएको थियो तर त्यो छुटलाई इरानबारे अमेरिकाले लिएको पछिल्लो निर्णयले अन्त्य गर्नेछ । यसप्रति हामीले खेद व्यक्त गर्न चाहन्छौं ।""संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को सङ्कल्प प्रस्ताव २२३१को सहमति अन्तर्गत भएका यी परियोजनाले सबैको गैरकानुनी प्रसारको हितमा काम गर्दछन् र यसले अन्तरराष्ट्रिय जगतमा इरानको शान्ति र सुरक्षित प्रकृतिका आणविक गतिविधिलाई प्रत्याभूत गर्दछन् ।"अमेरिकी विदेशमन्त्री माइक पोम्पेओले यस हप्ताको सुरूमा प्रतिबन्धलाई माफी गर्ने निर्णय अन्त्य भएको घोषणा गर्नुभएको थियो ।

आणविक सम्झौतामा अमेरिका, बेलायत, चीन, फ्रान्स, जर्मनी र रूसका साथै इरानले पनि हस्ताक्षर गरेका थिए । यद्यपि अमेरिकी ट्रम्प सरकारले सन् २०१५ मा भएको उक्त सम्झौता अमेरिकाको हितमा नभएको भन्दै यसबाट सन् २०१८ मा नै बाहिरिएको घोषणा गरेको थियो ।

अमेरिकाले इरानमाथिको प्रतिबन्धलाई अन्त्य गर्ने सहमतिलाई खारेज गर्ने निर्णयसँगै सम्झौतामाथि नै प्रश्नचिन्ह खडा गरेको छ । पोम्पेओको निर्णयलाई रूसले पनि आलोचना गरेको छ र मस्कोले अमेरिकी विदेश नीति 'खतरनाक र अप्रत्याशित' भएको बताएको छ ।

# प्रधानमन्त्री मोदीको जीवनचित्र सार्वजनिक



एएफपी

नयाँदिल्ली । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको अर्को जीवनचित्र सार्वजनिक गरिएको छ ।

उहाँको बाल्यकालदेखिका तस्वीरहरूको संग्रहसहितको जीवनचित्र पुस्तक शुक्रबार सार्वजनिक गरिएको हो ।

उहाँले भारतको प्रधानमन्त्रीका रूपमा दोस्रो कार्यकालको पहिलो बर्ष पुरा गरेको दिन पारेर पूर्व प्रधानन्यायाधीश के जी बालकृष्ण मार्फत् यो पुस्तक सार्वजनिक गरिएको हो । कोरोनाभाइरसको सङ्क्रमण फैलिने डर भएपछि भारतमा देशभरी लकडाउन लागु गरिएकाले अनलाईन मार्फत् सार्वजनिकीकरण कार्यक्रम गरिएको थियो ।

पुस्तकमा मोटो गाता र इ–बुक गरी दुई स्वरूपमा उपलब्ध छ भने २० ओटा भाषामा बनाइएको छ । तीमध्ये दश ओटा विदेशी भाषा र दश ओटा भारत भित्रका भाषा रहेका छन् ।

लेखकले दिएको जानकारी अनुसार पुस्तक प्रकाशित भएका विदेशी दश भाषामा अंग्रेजी, अरबी, डच, फ्रान्सेली, इटालेली, जापानी, मन्डारिन, रुसी र स्पेनी रहेका छन् ।

त्यसैगरी भारत भित्रका हिन्दी, आसामी, बंगाली, गुजराती, कन्नाडा, मराठी, पञ्जावी, तमिल, तेलगु र उर्दु भाषामा पनि सो पुस्तक बनाइएको छ ।

# भारतमा कोरोना सङ्क्रमितको संख्या दिनप्रतिदिन बृद्धि

एएफपी

नयाँदिल्ली । भारतमा कोरोनाभाइरसका कारण सङ्क्रमित हुनेहरूको दैनिक संख्यामा बृद्धि हुँदै गएको छ ।



अघिल्ला दिनहरूको तुलनामा पछिल्ला दिनमा सङ्क्रमित हुनेहरूको संख्या बढ्दै गइरहेको तथ्यांकले देखाएको छ ।

पछिल्लो २४ घण्टामा भारतमा आठ हजार ३८० जना नयाँ सङ्क्रमित देखिएका छन् । योसँगै भारतमा कुल सङ्क्रमितको संख्या एक लाख ८२ हजार १४३ पुगेको अधिकारीहरूले जनाएका छन् । अघिल्ला दिनहरूमा दैनिक रूपमा सङ्क्रमित हुनेहरूको संख्या यो भन्दा थोरै रहेको थियो ।

त्यसैगरी कोरोनाकै कारण मृत्यु भएकाहरूको कुल संख्या पाँच हजार १६४ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार भारतमा देशभरी ८९ हजार ९९५ जना अझै पनि सङ्क्रमित अवस्थामै रहेका छन् भने झण्डै उत्तिकै संख्या अर्थात् ८६ हजार ९८३ जना सङ्क्रमण मुक्त भएका छन् ।

"तथ्यांकलाई विश्लेषण गर्दा कुल सङ्क्रमित मध्ये ४७.७५ प्रतिशत सङ्क्रमित निको भएर घर फर्किएका छन्," एक जना सरकारी उच्च अधिकारीले भने ।

कुल सङ्क्रमितहरूको संख्यामा विदेशीहरूको संख्या पनि जोडिएको मन्त्रालयले स्पष्ट पारेको छ । भारतमा दर्जनौं नेपालीहरू पनि कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन् ।

## Invitation for Bids

**Province Government**

**Office of the Chief Minister and Council of Ministers**

**Province no.-2, Janakpurdham, Dhanusha**

**Invitation for electronic Bids for the Revitalization of Dhornochani (kapalmochni)Pond, Janakpurdham-08, Dhanusha**

**Contract Identification No: OCMCMS2/NCB/WORKS/2076/77-19**

**Date of publication: 1 June 2020**

1. Office of the Chief Minister and Council of Ministers Province no.-2, Janakpurdham, Dhanusha Invites sealed bids from Nepalese eligible bidders for the Revitalization of Dhornochani(kapalmochani) pond at Janakpurdham-08 under National Competitive Bidding procedures. The estimated amount for the works is NRs. 1,90,87,076.50 (NRs. One crore ninety lakh eighty seven thousand seventy six and paisa fifty only) including VAT & PS.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of the Chief Minister and Council of Ministers Province no.-2,Janakpurdham,Dhanusha or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder should submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost of NRs. 3000.00 of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids till 30 June,2020 during office hour.

   **Information to deposit the cost of bidding document in Bank:**

   **Name of the Bank:** Rastriya Banijya Bank,janakpurdham,bhanuchowk

   **Name of Office:** Office of the Chief Minister and Council of Ministers Province no.- 2, Janakpurdham, Dhanusha

   **Office Code no.** 3010017012 **Office Account no.:** Ka-11002

   **Rajaswa (revenue) Shirshak no. :** 14229
4. Pre-bid meeting shall be held at Office of the Chief Ministers and Council of Ministers Province no.- 2,Janakpurdham,Dhanusha on 11:00 AM of 19 June 2020.
5. Electronic bids must be submitted to the office of the Chief Minister and Council of Ministers Province no.-2,Janakpurdham,Dhanusha by online before 12:00 PM on 1 July 2020. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM of 1 July 2020 at the office of the Chief Minister and Council of Ministers Province no.-2, Janakpurdham, Dhanusha. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security, amounting to a minimum of NRs. 5,00,000.00, which shall be valid for 30 days beyond the validity period of the bid.

# बजेट यथार्थपरक : सांसद पौडेल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का सांसद विष्णु पौडेलले कोभिड-१९ लाई सामना गर्ने, आर्थिक पुनःउत्थानमा ध्यान दिने तथा निर्वाचनमा नेकपाले प्रस्तुत गरेको घोषणापत्र अनुसरण गर्ने प्रतिबद्धताका साथ आगामी आर्थिक वर्षको बजेट आएको बताउनुभएको छ ।



प्रतिनिधिसभाको आइतबारको बैठकमा आव २०७७/७८ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा भाग लिँदै उहाँले बजेटले अहिलेको समस्या समाधान गर्ने आधार सिर्जना गरेको र दीर्घकालीन लक्ष्य हासिल गर्न केन्द्रित भएको बताउनुभयो । उहाँले स्रोत व्यवस्थापन र विनियोजनको दृष्टिकोणले पनि बजेट यथार्थपरक रहेको बताउनुभयो ।

"बजेटले आजको चुनौती सामना गर्ने लक्ष्यमात्र लिएको छैन, आर्थिक क्रियाकलापको विकासमार्फत दिगो विकासमा लाग्ने सङ्कल्प गरेको छ, यसले अधिकतम प्रतिफल दिन्छ भन्ने मेरो ठम्याइँ छ", नेकपाका महासचिव समेत रहनुभएका उहाँले भन्नुभयो । बजेटप्रति आफ्नो दृढ समर्थन रहेको उल्लेख गर्दै उहाँले नागरिकको जीवन रक्षा जस्तो महत्वपूर्ण मुद्दा बजेटमा समेटिएको बताउनुभयो ।

विकासमा निरन्तरता, लोककल्याणकारी राज्य, आर्थिक पुनःउत्थानका साथै स्वाधीन तथा समाजवादउन्मुख अर्थतन्त्र निर्माण बजेटको लक्ष्य भएको उहाँले बताउनुभयो ।

पूर्वअर्थमन्त्री पौडेलले बजेटको प्रभावकारी कार्यान्वयनबाट आजको चुनौतीको सामना गर्न र संविधानमार्फत देखेको समाजवादको सुन्दर भविश्यतर्फ आफ्ना कदमलाई प्रभावकारी ढङ्गले अगाडि बढाउन समर्थ हुने विश्वास व्यक्त गर्नुभयो । गत वर्षको तुलनामा आगामी आवको बजेट चार प्रतिशतले कमी भए पनि यसले आजको यथार्थतालाई स्वीकार गरेको उहाँले बताउनुभयो । आन्तरिक राजस्वलाई बजेटले आफ्नो स्रोतको मुख्य आधार मानेको उहाँको भनाइ थियो ।

बजेटले निश्चित गरेका लक्ष्यले आजको चुनौती र भोलिका सम्भावना दुवैका बीचमा एउटा अन्योन्याश्रित अन्तरसम्बन्धलाई आत्मसात् गरेको छ भन्नुभयो । आर्थिक वृद्धि सात प्रतिशत र मुद्रास्फीति सात प्रतिशतमा सीमित राख्ने लक्ष्य लिएको उल्लेख गर्दै उहाँले बजेटले लिएको लक्ष्य सराहनीय रहेको उल्लेख गर्नुभयो । "बजेटले नागरिकको जीवन रक्षालाई महत्वपूर्ण मुद्दा बनाएको छ, बजेटले प्राथमिकता ठीक ढङ्गले निश्चित गरेको छ", उहाँले भन्नुभयो ।

कोभिड-१९ ले सिर्जना गरेको चुनौती सामाधान गर्नु अहिलेको सर्वाधिक प्राथमिकताको विषय भएको भन्दै उहाँले बजेटले पनि सोही विषयलाई नै प्राथमिकता दिएको छ भन्नुभयो । उहाँले कोभिड-१९ जस्तो विश्वस्तरको चुनौती नेपाल एक्लैले सामना गर्न नसक्ने हुँदा अहिलेको परिस्थितिलाई सही ढङ्गले बुझ्नु सबैलाई आग्रह गर्नुभयो ।

उहाँले बजेटमा आगामी आवमा ४० प्रतिशत नागरिकलाई स्वास्थ्य बीमामा समेट्ने र आगामी तीन वर्षभित्र सबै नेपालीलाई स्वास्थ्य बीमाको दायरामा ल्याउने विषय समेटिएको छ भन्नुभयो ।

कोरोना प्रभावितलाई राहत दिन रु एक खर्बको पुनःकर्जा कोष सञ्चालनमा ल्याएको, निम्न वर्गलाई विद्युत् महसुलमा छुट, विदेशमा अलपत्र नागरिकको उद्धार, रोजगारी सिर्जना, साना व्यवसायीलाई आयकर छुटलगायत राहतका कार्यक्रमले सगम्र अर्थतन्त्रलाई पुनः उत्थान गर्ने उहाँले उल्लेख गर्नुभयो । "कृषि र पशुपक्षीको क्षेत्रमा नयाँ अठोट लिएको छ, कृषि क्रान्ति वाक्यमा मात्र होइन यसको व्यावहारिक प्रयोग गर्ने नीति लिएको छ", उहाँले भन्नुभयो, "कृषि उत्पादन अभिवृद्ध गर्दै आत्मनिर्भर हुने पक्षमा बजेटले गति लिएको छ, बजेटले कृषि क्रान्तिमा फड्को मार्ने विश्वास व्यक्त गर्दछु ।"

उहाँले आगामी आवमा तराईका २२ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने, सुनकोशी-मरिन डाइभर्सन आयोजना, पहाड तथा हिमालमा लिफ्ट सिँचाइ आयोजना अघि सारेको उल्लेख गर्नुभयो । "वन र वातावरणका क्षेत्रमा बजेटले महत्वपूर्ण अवधारणा अघि सारेको छ", उहाँले भन्नुभयो, "निर्माणाधीन विमानस्थल सम्पन्न गर्ने, थप पूर्वाधार निर्माण गर्न रकम विनियोजन गरिएको छ ।"उद्योग वाणिज्यका क्षेत्रमा बजेटले मौलिक व्यवस्था गरेको बताउँदै उहाँले औद्योगिक क्षेत्र, औद्योगिक ग्राम स्थापना गरेर औद्योगिक वातावरण सिर्जना गर्न सहयोग गरेको छ भन्नुभयो । "शिक्षामा फड्को मार्ने अठोटका साथ बजेट आएको छ", उहाँले भन्नुभयो ।

बजेटको प्रभावकारी कार्यान्वयनमा केन्द्रित हुनु अबको आवश्यकता औंल्याउँदै उहाँले कार्यान्वयनमा देखिएको चुनौतीको सामना गर्दै अघि बढ्नुपर्नेमा जोड दिनुभयो । "अब के सत्ता पक्ष के प्रतिपक्ष बजेटको कार्यान्वयनमा एक भएर लाग्नुपर्छ", उहाँले भन्नुभयो ।

सांसद कृष्णप्रसाद दाहालले कोरोनाले थिलोथिलो बनेका अर्थतन्त्रलाई चलायमान बनाउन बजेटले सकारात्मक दिशा समेटेको छ भन्नुभयो । बेरोजगारी समस्या समाधान गर्न, कोरोनाका कारण परेको स्वास्थ्य सङ्कट टार्न, कृषि, सिँचाइ, राहत र पुनःउत्थानका कार्यक्रम बजेटमा आएको र बजेटले मूलभूत विषय सम्बोधन गरेको उहाँले बताउनुभयो । "बजेटले हाम्रा स्वास्थ्य, बेरोजगारी समस्या र राहतका कुरालाई जसरी सम्बोधन गरेको छ, यसको सही कार्यान्वयन भयो भने बजेटले लिएका लक्ष्य पूरा हुन्छन् र मुलुकले गति प्राप्त गर्छ", उहाँले भन्नुभयो ।

सांसद सूर्य पाठकले बजेटले मानवीय सुरक्षालाई प्रमुख प्राथमिकता दिएको, लक्ष्य प्राप्ति गर्ने खालको रहेको र बजेटले सम्पत्तिको वितरणमात्र होइन आधारभूत विषयमा फड्को मारेको छ भन्नुभयो । सीमा क्षेत्रमा सुरक्षा तैनाथ गर्ने, सडक संरचना बनाउन बजेटको सुनिश्चितता गरेको र सरकारले गरेका छन् ।रासस

## भौतिक पूर्वाधार विकासका महत्वपूर्ण आयोजनामा जोड

पोखरा । गण्डकी प्रदेश सरकारकारले भौतिक पूर्वाधार विकासका महत्वपूर्ण आयोजनालाई जोड दिएको छ । प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री किरण गुरुङले विनियोजन विधेयक २०७७ को सिद्धान्त र प्राथमिकतामा सङ्घीय सरकार र स्थानीय तहसँगको साझेदारीमा भौतिक पूर्वाधार विकास निर्माणका महत्वपूर्ण आयोजनालाई विशेष जोड दिइने जानकारी दिनुभयो ।

प्रदेशको आर्थिक-सामाजिक विकास र समृद्धिको संवाहकका रूपमा रहेका प्रदेश गौरवका आयोजना, एक निर्वाचन क्षेत्र एक सडक, स्थानीय तहको केन्द्रलाई जिल्ला र प्रदेश केन्द्रसँग जोड्ने तथा रणनीतिक महत्वका सडक पूर्वाधार निर्माणका कार्यक्रमलाई निरन्तरता दिइने उहाँले बताउनुभयो ।

उहाँका अनुसार बृहत् पोखरा चक्रपथ, प्रदेश बसपार्क र मेट्रो बसपार्कको सम्भाव्यता अध्ययन तथा निर्माण गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ । प्रदेशभित्र निर्माण प्रक्रियामा अघि बढेका विभिन्न महत्वपूर्ण सडक, मोटरेबल पुल र झोलुङ्गो पुल निर्माण कार्यक्रमलाई समेत निरन्तरता दिइने मन्त्री गुरुङले जानकारी दिनुभयो ।

प्रदेशका सबै घरधुरीमा आधारभूत खानेपानी कार्यक्रम, स्वच्छ पिउनेपानी तथा एक घर, एक धारा खानेपानी कार्यक्रम, गण्डकी प्रदेश उज्यालो प्रदेश कार्यक्रम, नवीकरणीय ऊर्जा कार्यक्रम, जनता आवास कार्यक्रम, साना तथा ठूला सिँचाइ आयोजना, भूमिगत जल उपयोग आयोजना छ रासस

# बजेट कार्यान्वयनमा सांसदको जोड

काठमाण्डु । सरकारले कोभिड-१९ को महामारीविरुद्ध लड्न स्वास्थ्य तथा आर्थिक पुनरुत्थानलगायत क्षेत्रलाई सम्बोधन हुनेगरी ल्याएको बजेट समय सान्दर्भिक रहेको भन्दै सांसदहरूले यसको प्रभावकारी कार्यान्वयनमा जोड दिनुभएको छ ।



राष्ट्रियसभाको आइतबारको बैठकमा आगामी आर्थिक वर्षको राजश्व र व्ययको वार्षिक अनुमानमाथि छलफलमा भाग लिँदै उहाँहरूले कोभिडपछिको अर्थतन्त्रलाई चलायमान बनाउँदै कृषि, उद्योग, पर्यटनलाई संरक्षण र प्रवर्द्धनका निम्ति बजेटले विशेष सम्बोधन गरेको बताउनुभयो ।

सत्तारुढ दलका सांसदले बजेटको प्रशंसा गरिरहँदा प्रतिपक्षी दलका सांसदले भने बजेटले अहिलेको परिस्थितिलाई सम्बोधन गर्न नसकेको टिप्पणी गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का सांसद परशुराम मेघी गुरुङले कोभिड-१९ लगायत सङ्क्रमणजन्य भाइरसको सामाना गरेर अघि बढ्नुपर्ने अहिलेको परिस्थितिमा बजेटको कार्यक्रम र प्राथमिकता सोहीअनुरुप आएको उल्लेख गर्नुभयो । कोभिडको परीक्षण दायरा बढाइ स्वास्थ्य सामग्रीको उपलब्धता र स्वास्थ्य पूर्वाधार विकासलाई बजेटले प्राथमिकता दिएकामा उहाँले खुशी व्यक्त गर्नुभयो ।

सोही पार्टीका रामनारायण बिडारी बजेट अहिलेको आवश्यकता र सान्दर्भिकतालाई सम्बोधन गर्नेगरी आएको हुँदा यसको प्रभावकारी कार्यान्वयनतर्फ सरोकारवाला सक्रियताका साथ लाग्नु जोड दिनुभयो । उहाँले बजेट विगतको भन्दा प्रगतिशील रहे पनि कृषि उत्पादन, रोजगारी सिर्जना, सीमा रक्षाका लागि बजेट अपुग भएको बताउनुभयो । सोही पार्टीका सांसद बेदुराम भुसालले कोरोना प्रभावितलाई राहत दिन बजेटले विशेष ध्यान दिएको, देशभित्रै रोजगारी प्रदान गर्ने, विदेशी श्रमिकलाई श्रम स्वीकृति लिने व्यवस्था, कृषि क्षेत्रमा लगानी वृद्धि गर्नेजस्ता कार्यक्रम बजेटले समेटेको तर्क गर्दै दोषी चश्मा लगाएर नहेर्न प्रतिपक्षी दललाई आग्रह गर्नुभयो ।

उहाँले एमसिसीको विषयमा सदनले अनुमोदन नगरेको सन्दर्भमा सो विषयलाई समेत बजेटमा राखिनु राम्रो नभएको भन्दै त्यसको सुधार जरुरी रहेको बताउनुभयो ।

सोही पार्टीका सांसद कोमल वलीले कोभिडको महामारी नियन्त्रण, स्वास्थ्य, शिक्षा, पर्यटन, रोजगारीलगायत विषयलाई सम्बोधन गरेको हुँदा यसको कार्यान्वयन पक्षलाई प्रभावकारी बनाइनुपर्नेमा जोड दिनुभयो । उहाँले बजेटमा हवाइ उद्योगमा सहुलियत, पर्यटन व्यवसायीलाई कर छुटजस्ता कार्यक्रम प्रसंशनीय छ भन्नुभयो ।

सोहीपार्टीकासांसदराधेश्याम पासवानले बजेटमा कोभिडको महामारीविरुद्ध जुध्न स्वास्थ्य क्षेत्रमा गरिएको व्यवस्था, विपन्न नागरिक तथा बालबालिकालाई स्वास्थ्योपचारका लागि गरिएको व्यवस्था सकारात्मक रहेको बताउनुभयो । नेकपाके सांसद मायाप्रसाद शर्माले बजेटले कोभिडको सङ्क्रमणको सामाना गरी अर्थतन्त्रलाई सक्रिय बनाउन कृषि, पर्यटन, उद्योगलगायत विषयलाई सम्बोधन गरेको भन्दै बजेटको समर्थन गर्नुभयो ।

नेकपाका सांसद भगवती न्यौपानेले बजेट समसमायिक र विशेषगरी स्वास्थ्य क्षेत्रलाई समेटेर आएकाले पूर्णरूपमा समर्थन जनाउनुभयो । नेकपाके सांसद बिना पोखरेलले कोभिडको महामारी नियन्त्रण गर्दै स्वास्थ्य, शिक्षा र रोजगारी सिर्जनाका विषय समेटिएको बजेट सकारात्मक रहेको बताउनुभयो ।

नेकपाका सांसद तुलसाकुमारी दाहालले कोभिडको महामारी नियन्त्रण तथा अर्थतन्त्रलाई चलायमान बनाउन राहत तथा पुनरुत्थानका कार्यक्रम समेटिएको बजेट प्रभावकारी कार्यान्वयनमा जोड दिनुभयो ।

सोही पार्टीका सांसद डा विमला राई पौडेलले कोभिडको सङ्कट निवारण गर्दै आर्थिक गतिविधिलाई बढाउन बजेट संयमित ढङ्गले आएको बताउनुभयो ।नेपाली काँग्रेसका सांसद प्रकाश पन्थले बजेट सुन्दा राम्रो भए पनि भित्रीपक्ष सन्तोषजनक नभएको टिप्पणी गर्नुभयो । प्रचारमुखी ठूला कार्यक्रम बजेटमा समावेश गरिएकाले कार्यान्यिवमा समस्या हुने उहाँको भनाइ छ । रासस

# प्राधिकरणका आठ लाख ग्राहकलाई राहत

काठमाण्डु । सरकारले आगामी आर्थिक वर्षका लागि प्रस्तुत गरेको बजेटमा भएको व्यवस्थाअनुसार झण्डै आठ लाख ग्राहस्थ ग्राहकले राहत पाउने भएका छन् ।

नेपाल विद्युत् प्राधिकरणका अनुसार मासिक १० युनिटभन्दा कम विद्युत् प्रयोग गर्ने ती उपभोक्ताले प्रत्यक्षरूपमा राहत पाउने भएका हुन् ।





ती ग्राहकलाई निःशुल्क विद्युत् उपलब्ध गराउने ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री वर्षमान पुनको योजनालाई बजेटले सम्बोधन गरेका कारण कम आय भएका र मासिक १० युनिटसम्म विद्युत् प्रयोग गर्ने ग्राहकले छुट पाउन लागेका हुन् ।

अर्थमन्त्री डा युवराज खतिवडाद्वारा गत बिहीबार सङ्घीय संसद्मा प्रस्तुत आगामी आव २०७७/७८ को बजेट वक्तव्यमा प्रतिमहिना १० युनिटभन्दा कम विद्युत् खपत गर्ने ग्राहस्थ ग्राहक (परिवार) लाई विद्युत् निःशुल्क उपलब्ध गराउने विषय समावेश गरिएको छ । प्राधिकरणका झण्डै ४२ लाख ग्राहकमध्ये घरायसी ग्राहकको सङ्ख्या अत्यधिक बढी रहेको छ ।

ती ग्राहक आर्थिकरूपमा विपन्न भएका कारण राहत दिने उद्देश्यले महसुल निःशुल्क दिने व्यवस्था मिलाइएको ऊर्जामन्त्री पुनले जानकारी दिनुभयो । कूल आठ लाखमध्ये कतिपयले न्यूनतम शुल्कसमेत बुझाउन नसक्दा प्राधिकरणले विद्युत् लाइन काट्दै आएको थियो ।

"छुट पाउनेहरू अति विपन्न हुन्", उहाँले भन्नुभयो, "विपन्नलाई राहत होस् भन्नका लागि बजेटमै १० युनिटभन्दा कम उपभोग गर्ने ग्राहकलाई निःशुल्क विद्युत् उपलब्ध गराइएको हो ।"

नेपालको इतिहासमै नेकपाको सरकारले लक्षित ग्राहकका लागि विद्युत् निःशुल्क दिने निर्णय गरेको यो पहिलोपटक हो । आगामी साउन १ गतेदेखि नै यो व्यवस्था कार्यान्वयनमा आउने मन्त्री पुनले स्पष्ट गर्नुभयो । रासस

## योजनाको अनुगमन

विराटनगर । प्रदेश नं १ का सामाजिक विकास मन्त्री जीवन घिमिरेले मोरङको निर्वाचन क्षेत्र ४ (ख) अन्तर्गत निर्माणाधीन योजनाको अनुगमन गर्नुभएको छ । उहाँले निर्वाचन क्षेत्र विकास कोषमार्फत कटहरीमा निर्माण भइरहेका योजनाको आइतबार अनुगमन गर्नुभएको हो ।

कटहरी-१ महेशपुरमा निर्माण भइरहेको लक्ष्मी सामुदायिक भवन र लक्ष्मी मन्दिर, कटहरी-२ को किसान मार्ग सडक, कटहरी-३ जिराटटोलको लक्ष्मी मन्दिर, कटहरी सामुदायिक भवन र शैलेश मन्दिरको उहाँले अनुगमन गर्नुभएको हो ।

कटहरी सामुदायिक भवन रु ५० लाख र अन्य योजना रु १०/१० लाखका रहेका छन् । कटहरी सामुदायिक भवन पाँच कट्ठा जमिनमा एक हजार व्यक्ति अट्ने क्षमताको रहेको छ । निर्वाचन क्षेत्र विकास कोषमार्फत विनियोजित बजेटमा योजना निर्माण भइरहेको उहाँले बताउनुभयो ।उहाँले योजना निर्धारित समयमै सम्पन्न गर्न निर्देशन पनि दिनुभएको छ । रासस


## मिथिला बिहारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
तारापट्टी, धनुषा

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०७७/०२/१९

यस कार्यालयबाट मिति २०७७/०१/२७ गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार नगरपालिकाको निर्माण कार्य सम्बन्धि बोलपत्र तपसिल बमोजिमका कार्यको लागि दर्ता हुन आएको सिलबन्दी बोलपत्र न्यूनतम मूल्याकित सारभूत रुपमा प्रभावग्राही देखिने आएकोले स्वीकृतिको लागि सिफारिस भई आएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २(१) को प्रयोजनार्थ जानकारी गराइन्छ । साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सबै बोलपत्रदताहरुलाई यसै सुचनाद्वारा जानकारी गराईन्छ ।

तपशिल

| ठेक्का नं. | कामको विवरण | सारभूत प्रभावग्राही फर्म | मू.अ.कर बाहेकको रकम रु. | कैफियत |
|---|---|---|---|---|
| MUN/MITH-BHI/ DHA/MP-01/2076-077 | Construction of Irrigation Dam | श्री विजय कन्स्ट्रसन, जलेश्वर-०५, महोत्तरी | रु.२८,०१,८८८।८१ | |

प्रमुख प्रशासकिय अधिकृत



प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश स्वास्थ्य निर्देशनालय
## सिरहा अस्पताल कार्यालय सिरहा

### क्याटलग ब्रोसर सपिङ्ग विधिबाट सवारी साधनहरू खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सुचना

प्रथम पटक प्रकाशित मिति २०७७/०२/१८ गते

यस कार्यालयको आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको सवारी साधन सार्वजनिक खरिद ऐन, (२०६३ पहिलो संसोधन २०७३ को दफा ८ को उपदफा १ (क) (८) तथा सार्वजनिक खरिद नियमावली २०६४ (चौथो संसोधन) को नियम ३१ (ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सो को नेपालका लागि आधिकारिक विक्रेताहरु बिच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिम सवारी साधनको उत्पादनको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर र कम्पनीको आधिकारीक मूल्य खुल्ने कागजात क्याटलग ब्रोसर) संलग्न राखी तपसिलमा उल्लेख भए बमोजिमको प्रस्ताव दर्ता गराउन हुन सन्वन्धीत उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

१. यस कार्यालयबाट स्वीकृत सवारी साधनको विस्कृत प्राविधिक स्पेशिफिकेशन यस कार्यालयबाट निशुल्क प्राप्त गर्न सकिने छ ।
२. उक्त कागजात लिनका लागि इच्छुक सवारी साधन उत्पादक कम्पनी वा सो को नेपालका लागि आधिकारिक विक्रेताले उक्त सवारी साधन विक्री वितरण गर्न नेपाल सरकारको सम्वन्धीत निकायबाट प्राप्त भएको अनुमती पत्र, सोको अधावधिक नविकरण भएको पत्र स्थायी लेखा नम्बर तथा मु.अ.कर दर्ता प्रमाणपत्र आ.ब. ०७५/०७६ सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात उक्त सवारी साधन सप्लाई गरेको हालसम्मको विस्तृत विवरण सम्बन्धीत कार्य अनुभवको प्रमाणपत्र सहितका कागजात सहित यो सुचना प्रकाशित भएको मितिले ९ औं दिन १२:०० बजे सम्म यस कार्यालयमा उपस्थित हुनु पर्नेछ ।
३. यो सुचना प्रकाशित भएको मितिले ९ औं दिन १२:०० बजे सम्म यस कार्यालयमा सिलबन्दी प्रस्ताव दर्ता गराउन सकिने छ तथा दर्ता गरिएका सिलबन्दी प्रस्तावहरु सोही दिन १४:०० बजे खोलिने छ ।
४. साथै सूचिकृत नभएका उत्पादक वा आधिकारिक विक्रेता कम्पीहरुले स्वीकृत गराइ उक्त सिलबन्दी प्रस्ताव पेश गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।
५. पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिन पेश गर्न सकिने छ ।
६. सिलबन्दी प्रस्ताव स्वीकृत वा स्थगित अन्य सवै कुराहरु को अधिकार कार्यालयमा निहित रहने छ ।

| सि.नं. | सवारी साधनको नाम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १ | चारपांग्रे पिक अप | Double cab right hand 4 wheel drive pick up maximum rated power output not less than 140 hp and maximum torqure should not be less than 320 nm | संक्षिप्त विवरणमा उल्लेख नभएको कुराहरु स्वीकृत टेक्नीकल स्पेशिफिकेशन बमोजिम हुने छ । |
| २ | चारपांग्रे शव बाहन | Hard top jeep (shab bahan) 4 wheel drive maximum rated power out put not less than 45 kw at governed RPM and maximum torque not less than 110 nm | |
| ३ | चारपांग्रे एम्बुलेन्स | Hard top jeep (ambulance) 4 wheel drive maximum rated power out put not less than 45 kw at governed RPM and maximum torque not less than 110nm | |

मेडिकल सुपरिटेन्डेन्ट

# राहतको नाउँमा जनप्रतिनिधीद्वारा असुली

टुडे समाचारदाता

राजविराज । कोरोना संक्रमणबाट जोगिन लकडाउन लगाइएको दुई महिना भन्दा बढी बितिसकेको छ। यो समयमा खान नपाएकाहरु तड्पिएका छन् । तर, त्यहीं तड्पिएका व्यक्तिसँग हुनेखाने जनप्रतिनिधीले रकम असुली गरेका छन्।



जिल्लाको कंचनरुप नगरपालिकाका दलित विपन्नसँग राहत बितरण गर्ने नाममा हुनेखानेले २५ रुपैयाँका दरले असुली गरेको घट्ना बाहिर आएको छ । नगरपालिकाको वडा नम्बर ५ का जनप्रतिनिधी नै यो रकम असुली गर्नमा अग्रसरता देखाएका छन् ।

वडा नम्बर ५ को पथरी टोलमा शनिबार राहत पाउनेको सूची तयार गर्ने क्रममा वडा सदस्य रामफल मुखियासहितकाले प्रति परिवार २५ रुपैयाँ असुली गरिरहेको भिडियो नै सार्वजनिक भएको छ।

दोस्रो चरणका राहत बितरण गर्न लाग्दा वडा कार्यालयले विपन्नको सूची तयार गर्ने क्रममा विपन्नसँगै रकम असुली गरेका हुन्। रकम असुलीमा संलग्न वडा सदस्य खुलेरै भन्छन्, "चिया, खाजाका लागि उक्त रकम लिएका हौं ।"

वडा कार्यलयले फारम भर्न जिम्मा दिएपनि कुनै सुविधा नदिएकाले चिया र खाजा खानका लागि यो रकम लिएको उनी बताउँछन् । 'वडा सदस्यहरु पढेलेखेका छैनन्। अरु व्यक्तिसँग फारम भर्न लगाउनुपर्छ' उनी भन्छन्, "अरुले सित्तैमा काम गरिदिदैनन् त्यही भएर २५ रुपैयासम्म सहयोग लिएका हौं ।"

वडा सदस्य मुखियाले २५ रुपैयाँ नहुनेसँग १० रुपैया लिएर भएपनि फारम भरिदिएको सार्वजनिक रुपमै स्वीकार गरेका छन्।

अर्का वडा सदस्य भोलानाथ चौधरी भने यो कार्यको आफूले बिरोध गरेको बताएका छन् । जनतालाई नून र भात खान समेत पैसा नभएको अवस्थामा यसरी रकम असुली गर्नु निन्दनीय रहेको उनको भनाई छ।

वडा अध्यक्ष केलास साह वडा कार्यलयमा भिडभाड हुने भएकाले गाउँका केही बुद्धिजीवी र वडा सदस्य मार्फत फारम भर्न लगाइएको बताए । तर रकम लिएको बारेमा आफूलाई जानकारी नभएको बताउँदै उनले भने, "यो बिषयमा बुझ्छु ।"

सप्तरीकै हनुमाननगर कंकालनी नगरपालिका वडा नम्बर ४ मधवापुरमा समेत विपन्नसँग राहत दिने नाममा रकम असुली गरिएको थियो ।

# २२ लाखको सामानसहित सरावगी पक्राउ

राकेश यादव

गौर । रौतहट प्रहरीले आइतबार सदरमुकाम गौरबाट एउटा ट्रकमा लोड गरिएको गुटखासहित चामल र सर्फ बरामद गरेको छ। खाद्यान्न सामग्री दुवानीको लागि स्वीकृति पाएको गाडीमा अवैध रुपमा लुकाएर पान किंग गुटखा ल्याएको आरोपमा प्रहरीले उक्त ट्रक नियंत्रणमा लिएको हो ।



चामल र लुगा धुने सर्फ सँगै १०० बोरा गुटखा गौर नगरपालिका वड़ा नम्बर १ बाट बरामद गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक भरत श्रेष्ठले जनाए। उक्त सामानको मुल्य कबिर साढ़े २२ लाख रहेको प्रहरीले जनाएकोछ।

कपिलवस्तुको चन्द्रौटाबाट चामल लिएर आएका लू २ ख ३३४३ नम्बरको मिनी ट्रक खाल्डोमा फसे पछि व्यवसायीको मजदुरहरुले अनलोड गर्न आनाकानी गरे पछि प्रहरीको शंका लागेकोले चेकजाच गर्ने क्रममा ट्रकमा लुकाएर राखिएको १०० बोरा गुटखाको साथै ५० बोरा चामल र २०० बोरा सर्फ फेला परेको प्रहरी नायव उपरीक्षक श्रेष्ठले बताए।

गौर नगरपालिका वड़ा नम्बर १ निवासी व्यवसायी अरुण सरावगीलाई नियन्त्रणमा लिएर कारवाही अगाडी बढाएको उनले बताए।

सरावगीलाई लकडाउन उल्लंघन तथा संक्रमण रोग ऐन अंतर्गत कारबाही बढाउनको लागि जिल्ला प्रसाशन कार्यालयबाट अनुमति लिएर अनुसन्धानको कार्य बढ़ाइएको छ। पक्राउ परेको ट्रक, लोड भएको सामान सहित चालक गणेश गैरेलाई आवशयक कार्यवाहीको लागि राजश्व अनुसन्धानको कार्यालिय सिमरा पठाइएको डीएसपी श्रेष्ठले बताए।

विश्वभरिमा मानव जाती माथि आइपरेको संकटको निवारण गर्ने उदेश्यले नेपाल सरकारले घोषणा गरेको पूर्ण लकडाउनको बेलामा तस्करीको कारोबार गर्ने कारोबारीहरुले आफ्नो कारोबार जारी नै राखेको छ। रौतहटको ईशनाथ नगरपालिका अंतर्गत पर्ने नाकाहरुबाट व्यापक रुपमा तस्करी भैरहेको स्थानियहरुले जनाएको छ।

ठूलो परिणाममा गुटखा बरामद हुनु र नगद रकम भेट्नु तस्करी भैरहेको पुस्टि छ । पक्राउ परेका व्यापारी सरावगीले लकडाउनको फायदा उठाउदै सुकमेल ,गोलमरीच ,गुटखा , केराउको तस्करी गर्ने गरेको स्रोतको दावी रहेको छ।

# तरुण दलको मसाल जुलुसमा लाठीचार्ज

टुडे समाचारदाता

जनकपुरधाम ।नेपाली काँग्रेसको भातृ संगठन नेपाल तरुण दल धनुषाले आइतवार साँझ सरकार बिरुद्ध गरेको मसाल जुलुसमा प्रहरीले लाठीचार्ज गरेकोछ।

कोरोना भाइरस रोकथाम गर्न सरकार असफल भएको आरोप लगाउँदै तरुण दलको नेतृत्वमा नेपाल विद्यार्थी संघका कार्यकर्ताहिरु सम्मिलित जुलुसले सरकार बिरोधी नाराबाजी गरेका थिए।

रामचोकबाट सुरु भएको मसाल जुलुस भानु चोकमा सभा गर्न लाग्दा प्रहरीले लाठीचार्ज गरेको सहभागिहरुले आरोप लगाएका छन्।

लाठीचार्जबाट तरुण दलका नेताहरु विजय यादव, रमेश यादव लगायत घाइते भएको बताइएकोछ ।तर प्रहरीले टायर खोस्ने क्रममा समान्य बल प्रयोग गरिएको प्रहरीले जनाएकोछ।

कोरोना भाइरसको संक्रमण रोक्न संघीय र प्रदेश सरकारी संवेदनशिल नभएको जनाउँदै युवाहरुले विरोध गरेका थिए।उनीहरुले कोरोना भाइरसको नाममा व्यापक भ्रष्टाचार भइरहेको आरोपपनि लगाए।

# अधुरो योजनाको भुक्तानी पुरै

सिकेन्द्र पासवान

कलेया। बाराको आदर्श कोतवाल गाउँपालिकाको अधिकांस योजनाहरु अधुरो रहेपनि भुक्तानी भईसकेको रहस्य बाहिर आएको छ । आदर्श कोतवाल गाउँपालिका वडा नम्बर ५ रुपौलियामा नेपाली काँग्रेस आदर्श कोतवालले पत्रकार सम्मेलन गरि यस्तो दावी गरेको हो। २०७६ असार १० गते परिषद सम्पन्न भएको दावी गर्नु अनि तत्कालिन निमित प्रमुख प्रशासकिय अधिकृत शिवपुजन यादवले चलानी नम्बर १०६ को पत्र अनुसार २०७६ साल असोज १७ गते आर्थिक बर्ष २०७६/७७ को परिषद गर्नलाई अध्यक्षको नाममा पत्र काटनु त्यसमा रहस्य लुकेको नेपाली काँग्रेसका नेताहरुले दावी गरे।



त्यसैले आर्थिक बर्ष २०७४, ७५, ७६ र ७७ को सबै योजनाहरुको अनुगमन निरिक्षण सरोकारवाला निकायहरुलाई गर्न जरुरी रहेको कुरामा जोड दिएको थियो । रुपौलयको पोखरीको निर्माण तथा सरसफाई नै नगरी उपभोक्ता समितिले २१ लाख २५ हजार पैसा निकाली समितिले कामको परफारक समेत गरेको आरोप काँग्रेसको रहेको छ।

अख्यितारमा रुपौलियका पोखरी लगायत पालिकाका अन्य बिषय समेटी २०७६ साल कार्तिक १८ गते अख्तियारको कार्यालय हेटौडामा निवेदन दर्ता गरि छानबिनको माँग गरेका थिए तर अहिले मुद्धा बिचराधिनमा रहेको अवस्थामा पोखरा पुनह खनाउनु गलत रहेको रुपौलियका दिनेश यादवले बताए।

नागरिकका लागि एम्बुलेन्स भाडामा चलाउनु, जननिर्वाचित प्रतिनिधिहरुको लागि महगो गाडी खरिद गर्नु, दलित आवास निर्माणमा पनि पारदर्शी नरहेको, पालिकाहरुमा माटो पुरी ग्राभेलमा पनि मापदण्ड बिपरित काम गरेको शिवनाथ महतोले आरोप लगाए।

ईलाका प्रहरी कार्यालयमा निर्मानाधिन दुर्गा मन्दिर, ब्रम्हबाबाको कम्पाउण्डमा पर्खालि निर्माण, चिउटाहाको पोखरीमा निर्माणाधिन सुर्य नारयण भगवानको मन्दिर , स्वास्थ्यचौकी चिउटाहामा रहेको मन्दिरको जग्गाका हिसावकिताव पार्दशित नगरेको, कर्मचारी नियुक्ति नियम विपरित गरेको महतोले आरोप रहेको छ।

समाजिक सुरक्षा भता प्रदान नगर्नु, उपभोक्ता निर्माणमा काखापाखा गर्नु, वडा नम्बर ५ का वडाकार्यालय नखोल्नु वडाध्यक्षले घरबाट नै कामकाज गर्नु, काम सम्पन्न नै नभई सम्पन्न भएको सिफारिस वडाध्यक्ष चन्देश्वर गिरी दिनु, सूचनाको हक प्रयोग गरि पटक पटक सुचना माँग गर्दापनि गाँउपालिकाका अध्यक्ष शेख मुस्तुफाबाट सुचना प्रदान नगर्नुले पनि हामीलाई शंका उब्जाएको कोईलिडिहका सत्यनारायण यादवको भनाई रहेको छ।

तर वडाध्यक्ष गिरीले प्राविधिकहरुको टोलीले २१ लाख २५ हजारको काम भएको मुल्याकन दिएपछि आफुले सिफारिस दिएको दावी गरे। यता पोखरी निर्माण तथा सरसफाई समितिका अध्यक्ष चन्द्रदेव गिरीले अख्तियारबाट पोखरी सरसफाई गर्न आदेश दिए बमोजिम आफनो ५ लाखको लगानीमा सरसफाई गरिरहेको दावी उनको रहेको छ।

आदर्श कोतवाल गाउँपालिकाका अध्यक्ष शेख मुस्तफाले योजनका सबै कामहरु नियमसंगत, प्रक्रियामा गई गरेको दावी गर्दै समाजिक सुरक्षाभतामा लकडाउनको बाध्यता अनलाईन फर्म भर्नमा कठिनाई र वडाध्यक्षहरुले समयमा डाटा नदिनुले समयमा समाजिक सुरक्षाभता प्रदान नगर्नु पालिकाको कमजोरी भएको स्वीकार गर्दै केही ब्यक्तिहरुले बिकासको काम राजनितिक पुर्वाग्रहीबाट रोक्न खोजेको आरोप लगाए।

नेपाली काँग्रेसका केही ब्यक्तिहरुलाई पनि उपभोक्ता समितका राखेर काम अगाडी बढाएको बताउदै पालिकाको कुनैपनि परिषद बहुमतको अधारमा नगरी निर्वाचित ४४ जनाको सहमतिमा नै गरेको अध्यक्ष मुस्तफाको दावी रहेको छ । पत्रकार सम्मेलनमा मेदनी मण्डल धानुक, राधव यादव, शोभी मण्डल, जमुना गुप्ता, दिनेश पटेल, हरेन्द्र साह, सत्य नारयण यादव, शिवनाथ महतो,रामेश्वर यादव लगायतको सहभागिता रहेको थियो।

# स्थानीयको विवादका कारण सडक निर्माण अलपत्र

टुडे समाचारदाता

जनकपुरधाम।स्थानीयहरुको विवादका कारण सडक वन्न नसकेपछि विकासे बजेटलाई सदुपयोग गर्न सकिएको छैन । धनुषाको क्षीरेश्वरनाथ नगरपालिका वडा नं ३ स्थित पकडिया टोलको यादव गल्लीको सडकमा स्थानियवासीहरुले मापदण्ड वमोजिम घर हटाउन नमानेपछि विगत दुइ वर्ष देखि सडक निर्माण कार्य अघि बढ्न सकेको छैन।

सडक बन्न नसकेपछि अहिले पनि सो ठाउ हिलाम्य रहेको छ। पकडीया टोलका वार्ड अध्यक्ष जयकिशोर सिंहका अनुसार सो गल्लीको सडक निमार्णका लागि गत आर्थिक वर्षमा चार लाख विनियोजन गरेपनि स्थानीयहरुले मापदण्ड अनुसार घर नहटाउने र साविककै सडकमा ढलान गर्न विवाद सृजना गरेपछि काम अघि नबढेको बताए।

उनले विवाद साम्य नहुदा यस वर्ष सडक निमार्णका लागि वजेट विनियोजन नगरिएको बताए । अहिले सो गल्लीको सडक आठ देखि ९ फिट सम्म मात्रे रहेको छ।

१३ फिटको आवश्यकता भएको र सो दिन नमानेपछि आफुले सडक निमार्णको काम अगाडी बढाउन नसकिएको वताए।

यता सोहि टोलका स्थानियवासी हरिनारयण यादवका अनुसार नगरपालिकाले २२ फिट सम्मको सडक वनाउदा मात्र आफुहरुले घर सार्न तयार रहेको तर २२ फिट भन्दा कममा सडक निमार्ण गरिए आफुहरु घर सार्न तयार नरहेको बताए।

८/९ फिट रहेको सो सडक निमार्णका लागि कमसे कम १३ फिटको आवश्यकता रहेको छ भने सडकको दुवै साईड नालाको निमार्ण गरिए २२ फिट लाग्ने वार्ड अध्यक्षको भनाई रहेको छ। सडक निमार्णका लागि ४ फिट सम्म दिन नसक्ने स्थानियले २२ फिटको कुरा गर्नु असोभनीय रहेको वडाध्यक्षको दावी रहेको छ।

# मेयरले सुन्दैनन कुरा, उल्टै कुटपिट गर्ने गरेको आरोप

टुडे समाचारदाता

जनकपुरधाम । महोत्तरीको भंगहा नगरपालिकाका मेयर संजीव साहले आफ्ना समस्या सुनाउन जानेहरुलाई गालीगलोज र कुटपिट गर्ने गरेको स्थानीयले आफ्रोप लगाएका छन्।

राहतको लागि मेयर गुहार्न जाँदा मेयर साहका भाई बिनोद साहले कुटेर पठाएको भंगहा नगरपालिका ३ निवासी राम पृत सदा (मुसहर)ले आफ्नो दुःख पोखेका छन् ।



सदाका अनुसार पहिलो चरणको राहत वितरणमा हामीलाई ८ किलो चामल , तीन पाउँ दाल , १ लिटर खाने तेल, १ किलो नुन दिएको र त्यतिले हाम्रो दैनिकी नचलेको भन्दै हामीलाई ५० किलो चामल, १० किलो, ५ लिटरखाने तेल, ३ किलो नुन दिनु भनेर गुहार्न जादाँ मेयरका भाई बिनोद साहले कुटेका हुन्।

तीन दिन देखि रजिया देवी सदाको छोरा र नाति मठीयानी बोर्डरमा आएर बसेका छन् । उनका छोराको अनुसार सम्बन्धीत नगरपालिकाले आवश्यक कागजात पठाए पछि मात्र हामीलाई आउने दिने आफ्नो घरपरिवारलाई जानकारी दिएपछि रजिया देवी भंगहा नगरपालिकामा पुगिन् । मेयर संजिव साहलाई मेरो छोरा र नाति बोर्डरमा फसेको छ लाइदिनुपर्ने भनेर भन्दा मेयरले ठाडो जबाब दिएर फर्काएको उनले बताइन् । 'जसले ५० किलो चामल दिन्छ त्यहीं व्यक्तिलाई गएर भन्नु' मेयरले भनेको कुरा उनले सुनाइन्।

रजिया देवीका छोरा संगै भंगहा नगरपालिका-३ का अझै २० जना मठीयानी बोर्डरमा फसेका छन्।

यता मेयर संजिव साहले नेकपा र नेपाली कांग्रेसका कार्यकर्ताहिरुले म लगायत मेरो पार्टीलाई बदनाम गर्न झुठा आरोप लगाएको बताएका छन् ।

# जनकपुरधाममा ई-लाइब्रेरी

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकामा 'ज्ञानकुप' ई-लाईब्रेरी सेवा संचालन गरिएको छ।

कोरोनाभाइरससंक्रमणकोजोखिम न्युनिकरण गर्न जारी लकडाउनको बेला उपमहानगरपालिकालेसंचालनमा ल्याएको ई-लाईब्रेरी नगरबासीको लागि लाभदायी हुने विश्वास गरिएको छ । जनकपुरधाम उप-महानगरपालिकाले ल्याएको ई-लाईब्रेरी ज्ञानकुप नामाकरण गरिएको छ।

ज न क पु र धा म उपमहानगरपालिकाका मेयर लाल किशोर साहले घरमै बसेर अध्ययन गर्नको लागि ई-लाइब्रेरी संचालनमा ल्याएको बताए । उनले 'ज्ञानकुप' वेब साइट मार्फत घरमै बसेर अध्ययन तथा अध्यापनको व्यवस्था गरिएको बताए।

ई-लाइब्रेरीमा करिव दुई सयको हराहारीमा विभिन्न लेखकहरुको पुस्तक उपलब्ध रहने भएकोले अध्ययन गर्न सजिलो हुने विश्वास लिएको छ।

अहिले लकडाउनको वेला आधिकांश फेसवुक लगायतका सामाजिक संजालमा समय खेर गरि रहेका छन्, ई-लाइब्रेरी ल्याएपछि अध्ययन गर्न सहज हुने छ।

नोबेला कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उत्तम उपायहरु :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसंग हात धुने,
- अनावश्यकरुपमाा घर बाहिर र भिडभाडमाा नजाने,
- खोक्दा र हछ्युँ गर्दा नाक र मुख कुहिनोले छाप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसंगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्कीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

जनकपुर टुडे मिडिया ग्रुपको अपिल

नियमति रुपमा साबुन पानी तथा अल्कोहलयुक्त हेण्ड रबले हात धुने र सेनिटाइजर प्रयोग गर्ने ।

खोक्दा, हाँच्छिउँ गर्दा नाक र मुख हात, रुमाल अथवा हातको कुहिनाको भागले छोप्ने ।

रुगाखोकी, ज्वरो तथा स्वास-प्रस्वासमा समस्या आए नजिकको स्वास्थ्य संस्थामा गएर चिकित्सक संग जाँच गराउने ।

अनावश्यक रुपमा आफ्नो नाक, मुख र आँखा नछुने, छुनु परे राम्ररी हात धोकेर मात्र छुने । मोबाईल फोन लगायत धेरै प्रयोग गर्ने बस्तु सफा राख्ने ।

रुगाखोकी लागेको व्यक्तिसंग दुरी कायम राख्ने, कुरा गर्नु परे १ मिटर टाढा बसेर गर्ने । अनावश्यक भिडभाडमा नजाने ।

माछा, मासु र अण्डा राम्ररी पकाएर खाने । जङ्गली तथा घरेलु पशुपंछीसँगको असुरक्षित सम्पर्कबाट जोगिने ।

जनहितमा जारी संदेश

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९०१०१, E-mail : jtodaynews@gmail.com,todayad@gmail.com, Website : www.ejanakpurtoday.com